
मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २४ ◆ अङ्क : २७४ ◆ पृष्ठ ६ ◆ बिर्तामोड ◆ वि.सं. २०७६ भदौ ३ गते मंगलबार (Tuesday, August 20. 2019) नेपाल सम्वत् ११३९ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-


한국어
कोरियन भाषा
FAST TRACK
Education Consultancy (P) Ltd., Birtamode
Shanischare Road, Birtamode-5, Jhapa
फोन: ०२३-५४०३५९ / ९८१६०३८८०४




निर्वाचन आयोगको रणनीतिक योजना

# मतदानस्थलमै मतगणना, दललाई अनुदान

**काठमाडौं, भदौ २।** निर्वाचन आयोगले लोकतन्त्रको सुदृढीकरणका लागि स्वच्छ, स्वतन्त्र, विश्वसनीय र मितव्ययी निर्वाचनको लक्ष्य राखेर तेस्रो पञ्चवर्षीय रणनीतिक योजना (आव २०७६/०७७-२०८०/८१) को मस्यौदा तयार गरेको छ।

आयोगलाई स्वायत्त, सक्षम र सुदृढ निकायका रूपमा स्थापित गरी आवधिक निर्वाचनलाई व्यावसायिक, कुशल, पारदर्शी र विश्वसनीय रूपबाट व्यवस्थापन गर्ने ध्येय राखेर उक्त रणनीतिक योजनाको मस्यौदा तयार गरिएको आयोगका प्रवक्ता शङ्करप्रसाद खरेलले जानकारी दिए।

मतदानस्थलमै मतगणना गर्ने तथा राजनीतिक दललाई राज्यतर्फबाट अनुदान दिने विषय समेटिएको उक्त रणनीतिक योजना कार्यान्वयनका लागि रु. आठ अर्ब पाँच करोड ६० लाख बजेट लाग्ने प्रारम्भिक अनुमान गरिएको छ।

संस्थागत सुदृढीकरण, प्रविधियुक्त निर्वाचन व्यवस्थापन प्रणालीको विकास, नीतिगत तथा कानूनी सुधार, संविधान र कानून बमोजिम राजनीतिक दलको नियमन, निर्वाचन एवम् नागरिक शिक्षामा साझेदारी र सहकार्य अभिवृद्धि गर्ने रणनीति रहेको उनले बताए।

स्वच्छ र मितव्ययी निर्वाचनका माध्यमबाट नागरिकलाई राजनीतिक अधिकारको निर्वाध उपभोग गर्ने अवसरको सुनिश्चितता प्रदान गर्ने लक्ष्य रहेको उक्त रणनीतिक योजनाको उद्देश्य आयोगको संस्थागत क्षमता र व्यावसायिक दक्षता अभिवृद्धि गर्नु रहेको छ।

निर्वाचनमा नागरिक एवम् सरोकारवालाको सहभागिता, सहकार्य र साझेदारी बढाउने उद्देश्य रहेको उक्त योजनाका लागि तयार गरिएका पाँच रणनीतिअन्तर्गत ४० वटा कार्यनीतिको पहिचान गरिएको छ। कार्यनीति कार्यान्वयनका लागि पाँच वर्षको कार्ययोजना समेत तयार गरी ५६ वटा क्रियाकलाप पहिचान गरिएको आयोगले जनाएको छ।

उक्त रणनीतिक योजना कार्यान्वयनबाट आयोग र मातहतका कार्यालय संघीय संरचना अनुकूल पुनःसंरचना, निर्वाचन कार्यतालिका अनुरूप निर्वाचन तयारी, व्यवस्थापन, निर्वाचन व्यवस्थापनका प्रक्रिया लैङ्गिकमैत्री तथा समावेशी एवम् निर्वाचन चक्रका क्रियाकलाप प्रविधिमैत्री हुने विश्वास गरिएको छ।

एकीकृत विद्युतीय तथ्याङ्क भण्डारका माध्यमबाट महत्वपूर्ण अभिलेख तथा तथ्याङ्क व्यवस्थित गर्ने, एकीकृत निर्वाचन कानूनको तर्जुमा, निर्वाचन विवादको समयमै समाधान गर्ने, निर्वाचन आचारसंहिताको परिपालन, निर्वाचन शिक्षा एवम् नागरिक शिक्षामा मतदाताको पहुँच अभिवृद्धि भई मतदानमा सक्रिय सहभागिता हुने अवस्था सिर्जना हुने आयोगको भनाइ छ।

**मतदानस्थलमै मतगणना**

खसेको मतमा सदर मतको अनुपातमा उल्लेख्य वृद्धि, मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य एवम् मतदाता शिक्षा कार्यक्रम सञ्चालनमा स्थानीय

(बाँकी पृष्ठ ५मा)


## १६ लाख लुटियो भन्दै ढाँट्ने पक्राउ

**काठमाडौं, भदौ २।** अज्ञात व्यक्तिले नगद १६ लाख रुपैयाँ लुटी लगेको भनी कपोकल्पित घटना बनाई नगद लुकाएको अभियोगमा काठमाडौं महानगरपालिका-१५ डल्लु बस्ने भारत बिहार घर भएका २२ वर्षीय मनोज कुमार साहलाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ।

साहले काठमाडौं महानगरपालिका-२२ पाको न्यूरोडमा मास्क लगाएका अज्ञात २ जनाले मोटरसाइकलमा आई आफूसँग रहेको नगद १६ लाख लुटी लगेको भन्ने खबर महानगरीय प्रहरी परिसर काठमाडौंमा जानकारी दिएका थिए। तत्काल परिसरबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा त्यस्तो कुनै घटना नभएको र अनुसन्धान गर्ने क्रममा साहले नै सो रकम लुकाएको र कपोकल्पित घटना बनाएको खुल्न आएको थियो।

(बाँकी पृष्ठ ५मा)

## १० किलो सुनसहित तीन पक्राउ



**भद्रपुर, भदौ २।** झापाको काँकरभिट्टा नाकादेखि २८ किलोमिटर पूर्वमा पर्ने छिमेकी राष्ट्र भारतको पश्चिम बङ्गालको दार्जीलिङ जिल्लास्थित शिलगढीबाट १० किलो सुनसहित तीन जना पक्राउ परेका छन्।

केन्द्रीय राजश्व गुप्तचर विभागको टोलीले सोमबार दिउँसो उनीहरूलाई १० किलो सुनसहित शिलगढीको गुवालटोल मोडबाट पक्राउ गरिएको भारतीय सञ्चारमाध्यमले जनाएको छ। पक्राउ पर्नेमा भारतको मिजोरम बस्ने २४ वर्षीया जमुना किमा, २० वर्षीय एस रुआल सागपुइआ र ३५ वर्षीय लाल नेइहलिआ रहेको भारतीय गुप्तचर विभागले जानकारी दिए। पक्राउ परेका तीनै जनालाई सोमबार शिलगढी अदालतमा पेश गरिसकेको जनाइएको छ।

भारत र म्यानमार सीमावर्ती नाकाबाट भित्र्याइएको उक्त परिमाणको सुन तस्कर समूहले कलकत्ता लैजाने तयारीमा रहेको खुलेको छ। मिजोरमबाट आएका उनीहरूले १६६ ग्रामको ६० वटा सुनको बिस्कुट गाडीमा हालेर लैजाने क्रममा सूचनाको आधारमा पक्राउ परेका हुन्। बरामद गरेको सुनको भारतीय बजार मूल्य ३ करोड ८७ लाख रुपैयाँ रहेको जनाइएको छ।

तेस्रो मुलुकबाट ल्याइएको सुन नेपालबाट भारत लैजाने सुन तस्करका गिरोहमाथि सरकारले निगरानी बढाएपछि उनीहरूले म्यानमारको बाटोबाट भारतमा सुन भित्र्याइरहेका छन्।

शिलगढीमा यसअघि पनि पटक-पटक ठूलो परिमाणमा सुन बरामद भइसकेको छ। यता शिलगढीसम्म ल्याएको सुन भारतसहित नेपालका सीमावर्ती बजार सम्म पनि तस्कर समूहले पठाउने सक्ने भारतीय प्रहरीको आशंका छ।

## सहमतिपछि आन्दोलन फिर्ता

**भद्रपुर, भदौ २।** कचनकवल गाउँपालिका एक बिद्यालय, एक संकायको निर्णयबाट पछि हटेको छ।

नेविसंघ, अनेरास्ववियु र अखिल क्रान्तिकारी संयुक्त बिद्यार्थी सङ्गठनले तालाबन्दीदेखि शैक्षिक हड्तालसम्मका आन्दोलनका कार्यक्रम सार्वजनिक गरेसँगै गाउँपालिका आफ्नो निर्णय सच्याउँदै पछि हटेको हो।

गाउँपालिकाका अध्यक्ष अञ्जार आलमको अध्यक्षतामा सोमबार जनप्रतिनिधि, शिक्षक र संयुक्त बिद्यार्थी सङ्गठनको उपस्थितिमा भएको संयुक्त बैठकमा एक बिद्यालय, एक संकायको विषयमाथि छलफल गर्दै गाउँपालिकाले सो निर्णय फिर्ता लिएको हो।

गाउँपालिकाले एक विद्यालय, एक

(बाँकी पृष्ठ ५मा)

**जग्गा बिक्रीमा**

झापाको साविक गोलधाप गाविस हाल हल्दिबारी गाउँपालिका वडा नम्बर १मा रहेको १-८-०-० (एक बिगाह ८ कठ्ठा) जग्गा बिक्रीमा रहेकोले इच्छुक महानुभावले सम्पर्क राख्नुहोला

**जग्गाको बिशेषता**

पानी नजम्ने, प्राकृतिक जंगल तथा हरियाली, २५ फिटको बाटोले छोएको, उर्वरा माटो।

सम्पर्क: ९८२५९२९०६६


Study
한국어
Korean
Language
कोरियन भाषा
बिहान - ७:०० बजे देखि बेलुका - ६:०० बजे सम्म
फास्ट ट्र्याक नै किन ?
FAST TRACK
EDUCATION CONSULTANCY (P) LTD. BIRTAMODE
Birtamode Office
Birtamode-5, Shanischare Road
(Opp. to Everest Bank), Jhapa
Phone No. 023-540359
Mob.: 9816038804, 9863976183

## गैरनेपालीलाई नागरिकता सिफारिस दिने वडाध्यक्षमाथि छानबिनको माग



**भद्रपुर, भदौ २।** आर्थिक चलखेल गरी गैर-नेपालीलाई नेपाली नागरिकता दिएको घटना प्रकरणमा संलग्न भएको आरोप लागेका वडा अध्यक्षमाथि निष्पक्ष छानबिन गर्न नेपाली कांग्रेसले जोडदार माग गरेको छ।

जिल्ला प्रशासन कार्यालय झापाले १६ जना गैरनेपालीलाई नागरिकता बनाइदिएको घटना बाहिरिएपछि घटना प्रकरणमा संलग्न भएको आरोप खेपिरहेका भद्रपुर-९का वडाध्यक्ष शनिलाल राजवंशीमाथि निष्पक्ष छानबिन गर्न नेपाली कांग्रेस ९ नम्बर वडा समितिले माग गरेको हो। नेपाली कांग्रेसले जिल्ला प्रशासन कार्यालय झापा र भद्रपुर नगरपालिका कार्यालयमा छुट्टाछुट्टै ज्ञापनपत्र बुझाएर उक्त माग राखेको हो।

नेपाली कांग्रेसका ३ नम्बर क्षेत्रीय सभापति गणेश पोखरेल, २ नम्बर क्षेत्रीय सचिव रमेश पोखरेल, जिल्ला सदस्य राजेन्द्र रिजाल, भद्रपुर नगरका उपसभापति ज्ञानबहादुर चौहान, ९ नम्बर वडा सभापति गोपालप्रसाद श्रेष्ठ, वडा सह-संयोजक लावण्यकुमार पोखरेल, अल्छिया राजवंशी लगायतको टोलीले झापाका सहायक प्रमुख जिल्ला अधिकारी माधवप्रसाद पोखरेललाई उक्त ज्ञापनपत्र बुझाएका थिए।

त्यस्तै भद्रपुर नगरपालिका उपप्रमुख चन्द्रामाया श्रेष्ठलाई समेत सोही टोलीले ज्ञापनपत्र बुझाएको थियो। वडाध्यक्ष राजवंशीले गैरनेपाली नागरिकलाई झुटो विवरणको आधारमा नागरिता दिलाउन सिफारिस गरेको भन्दै गृहमन्त्रालय र अख्तियार दुरुपयोग अनुसन्धानले छानबिन गरिरहेकोप्रति नेपाली कांग्रेसको गम्भीर ध्यानाकर्षण भएको ज्ञापनपत्रमा उल्लेख गर्दै घटनाको बारेमा सत्यतथ्य पत्ता लगाई छिटोभन्दा छिटो कारबाही अघि बढाउन माग गरिएको छ।

'गैरनेपालीलाई नागरिता दिएको घटना प्रकरणमा नगरका वडा अध्यक्ष स्वयम् परेका छन्'- कांग्रेसका सभापति पोखरेलले भने- 'घटना प्रकरणमा संलग्न भए तत्काल सरकारले कारबाही गर्नुपर्छ, निर्दोष भए पनि सत्यतथ्य बाहिर ल्याउनुपर्छ।'

**अध्यक्ष नहुँदा वडाका कामकाजमा प्रभावित**

नागरिकता प्रकरणमा मुछिएका वडाध्यक्ष शनिलाल राजवंशी बिगत डेढ महिनादेखि घरायसी कामसहित बिरामी छु भन्दै सम्पर्कविहीन भएका छन्। वडाध्यक्ष राजवंशी नहुँदा ९ नम्बर वडा कार्यालयको योजना लगायतका अन्य कामकाज समेत प्रभावित बनेको नेपाली कांग्रेसले जनाएको छ।

वडाध्यक्षले कार्यालयमा उपस्थित भएर सेवा दिन नसक्ने हो भने वडावासीको काम कारबाहीलाई सुचारु राख्न नगरपालिकाले बिकल्प दिनुपर्ने कांग्रेसका वडा सभापति गोपालप्रसाद श्रेष्ठले बताए। 'डेढ महिनाभन्दा बढी भइसक्यो, अहिलेसम्म वडाध्यक्षको अत्तोपत्तो छैन'-उनले भने- 'अब चालू आर्थिक वर्षको योजनाको कामहरू कसरी सञ्चालन हुन्छ, यसको विकल्प कसले दिन्छ ?'

वडाध्यक्ष राजवंशीलाई नगरपालिकाले उपलब्ध गराएको ९८५२६२०३०९ नम्बरको मोवाइल बन्द रहेको छ। नागरिकता प्रकरणमा परे लगत्तै वडा अध्यक्ष राजवंशीले गतअसार २४ गते कार्यवाहक अध्यक्ष भनेर वडा सदस्य राम दाहाललाई जिम्मेबारी दिएको जनाइएको छ।

(बाँकी पृष्ठ ५मा)

Affiliated to Tribhuwan University (TU)
Admission Open
B.PHARMACY 4 Years
B.TECH (FOOD) 4 Years
BIM Bachelor in Information Managemant - 4 Years
BHM Bachelor of Hotel Management - 4 Years
For More Information :
SUNSARI TECHNICAL COLLEGE
Dharan-1, Sunsari, Provience-1
Phone : 9852020615, 9841429713 ,9842060950, 9804336689,

नेपालीहरुको लागि भरपर्दो सेवा
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर
Royal Enfield को आधिकारिक बिक्रेता (डिलर) भएकाले
Royal Enfield को सम्पूर्ण पार्ट्सहरु १०% छुट गरिएको छ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटरका सम्पूर्ण पार्ट्स पाउनुका साथै सर्भिसिङ पनि गरिन्छ
निशान्त मोटसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
सम्पर्क : निशान्त- ८३७२०७८४५४/८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

"इन्द्रै बिन्ती गरुन् झुकेर पदमा त्यो बिन्ती मान्दैन त्यो
आयो टप्प टिप्यो, लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो"

# श्रद्धाञ्जलि/ कृतज्ञता/ निमन्त्रणा

**जन्मः**
**१९८०/०५/११**
**साँखेजुङ, इलाम**



**निधनः**
**२०७६/०४/२४**
**बिर्तामोड, झापा**

## स्व. टुङ्गबहादुर बस्नेत

हाम्रा प्रातःस्मरणीय पिता **श्री टुङ्गबहादुर बस्नेत**को ९६ बर्षको उमेरमा भएको देहावसानको घटनाले मर्माहत हामी उहाँको आत्माको चिरशान्ति एवम् बैकुण्ठबासको कामनाका साथ आज १२औं दिनको पुण्य तिथिमा भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

पुजनीय पिताज्यूसँगको चिरवियोगको कष्टपूर्ण क्षणमा हामीप्रति सहानुभूति, सहयोग र समवेदना प्रकट गर्नुहुने छरछिमेक, इष्टमित्र, कुलकुटुम्ब, बन्धुबान्धव, मलामीजन एवम् शुभचिन्तकहरुप्रति आभारसहित कृतज्ञता व्यक्त गर्दछौं ।

साथै पिताज्यूको निधनको १२औं दिनको पुण्य तिथिमा गरिने शुद्धिशान्ति कार्यमा उपस्थित भई पितृप्रसाद ग्रहण गरी हामीलाई शुद्ध तुल्याइ दिनुहुन सम्पूर्ण मलामी, बन्धुबान्धव, छरछिमेक, कुलकुटुम्ब एवम् शुभचिन्तकहरुमा हार्दिक आमन्त्रण गर्दछौं ।

**मितिः २०७६ भदौ ०३ गते मंगलवार (आज)** **समयः बिहान १०:०० बजेदेखि**
**स्थानः निजी निवास, बिर्तामोड-१, झापा**

छोराबुहारीहरु
**गोपालकुमार बस्नेत/ रमा बस्नेत**
**श्याम बस्नेत/ लीलादेवी बस्नेत**
**जीतेन्द्र बस्नेत/ सुलोचना बस्नेत**

छोरी-ज्वाइँहरु
**शान्ता शिवाकोटी/ सुधिरकुमार शिवाकोटी**
**टेकबहादुर कार्की**
**पवित्रा खड्का/धर्म खड्का**
**अमृता थापा/ रमेश थापा**
**सरिता खत्री**

**लगायत समस्त बस्नेत परिवार, बिर्तामोड-१, झापा**

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : हेमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रेसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# भद्रपुर गौशाला र संस्कृति

**झापाको भद्रपुरस्थित गौशाला सम्भवतः देशकै पुरानो मध्ये एक हो । वैदिक सनातन संस्कृतिमा गाईलाई पशुहरुमध्ये सर्वोच्च मानिन्छ र गाईको सेवा र पूजालाई परमार्थ प्राप्तिको ठूलो आधार मानिन्छ । त्यही मान्यताका अनुचरहरुको जनसंख्या सर्वाधिक रहेका कारण गाईलाई राष्ट्रिय जनावरको रुपमा स्वीकार गर्दै गौसंरक्षणको कार्यलाई महत्व दिँदै आइएको छ । झापाको पछिल्लो नगरपालिका भएका कारण भद्रपुर भौतिक, आर्थिक तथा साहित्यिक सांस्कृतिक रुपमा समृमद्ध थियो कुनै दिन । पूर्व–पश्चिम महेन्द्र राजमार्गको निर्माण र सञ्चालन पछि क्रमशः ओझेलमा पर्दै आएको भद्रपुर अझै पनि 'हिङ बाँधेको टालो' झैं छुट्टै अस्तित्वमा छ ।**

**नेपालका स्थापना भए लगत्तै अर्थात् सत्सठ्ठी वर्षअघि वडा नं. पाँचमा स्थानीय अगुवा र सचेत नागरिकको अगुवाईमा स्थापित भयो गौशाला । स्थानीय अग्रज भवानीशंकर मित्रुका मुक्तिध्वज जोशी र जनार्दन शर्माको परिकल्पना र अगुवाईमा एघार कठ्ठा जग्गामा निर्माण तथा शुभारम्भ गरिएको गौशालाका लागि फेरि मित्रुकाले पच्चीस विगाह, जोशीले तीन विगाह र शर्माले साढे तीन कठ्ठा जग्गा प्रदान गरेर व्यवस्थित गरे । तदन्तर भद्रपुरका सहयोगी एवम् धर्मप्राण व्यक्तिहरुले गौशालाका लागि आवश्यक पूर्वाधारहरु थप्दै जुटाउँदै सञ्चालन गरेको गौशाला अहिले स्तरोन्नतिको प्रतिक्षामा छ ।**

**त्यसो त पृथ्वीका सम्पूर्ण प्राणी र वनस्पति एकअर्काका परिपूरक हुन्छन् र छन् । कुनै एक जातिको लोप हुनासाथ अर्को कुनै जातिलाई असर पर्ने भएकाले सबैको अस्तित्वलाई स्वीकार्न र संरक्षण गर्न आजको वातावरण विज्ञानले सुझाव दिएको छ । त्यसमाथि गाई जन्मेदेखि मृत्यु पर्यन्तका लागि जीवन तथा मोक्षदायिनी हुने भएकाले यसको संरक्षण, सेवा र व्यवस्थापन हामी मानिसका लागि मात्र होइन सम्पूर्ण पृथ्वीको जीवनसँग अत्यन्त महत्वको रहेको छ ।**

**अहिले झापाको कृषि कर्ममा आधुनिकताले अतिक्रमण गरेका ेछ । खेती गर्ने परम्परागत प्रविधि विस्थापित भएको छ । गोरुले हलो जोत्नु नपर्ने भएका कारणले गौपालन अहिले नेपाल कृषकको सहायक पेशा रहेको छैन । अझ चरिचरन क्षेत्र मासिँदै गएका कारण गौपालन कर्म नै घट्दै हराउने अवस्थामा पुगेको छ । बढ्दो बजारी र शहरीकरणले बालक, युवा, सबै आयातित बट्टाबन्द वस्तुको प्रयोगमा मरिहत्ते गर्दैछन् । गाई पाल्नु, गोबर सोहर्नु, घाँस काट्नु जस्ता गौ सेवासँग सम्बन्धित कार्य 'एकादेशको कथा' बनिएको छ । त्यहीकारण रासायनिक वस्तुको मिश्रणबाट निर्मित सुरक्षित दूधमा बानी पर्दैछन् आजका मानिस । मिसावटयुक्त, अखाद्य वस्तु समेतको योग भएको डेरी र डेरीजन्य उत्पादनले हाम्रो समाजलाई थिच्दै लगेको छ । यस्तोमा भद्रपुर गौशालाले गाईको संरक्षणमा गर्दै आएको सेवा स्तुत्य छ । अझ त्यसको संरक्षण र सञ्चालनमा योग गर्ने अगुवाहरुको सेवा झनै उदाहरणी छ । त्यसैले पनि परम्परादेखि आधुनिकतासम्मका लागि अमृत सरह ठानिने दूधको सम्मान गर्न सबैले आ–आफ्नो तर्फबाट सहयोग गर्नु आफ्नै हितमा हुन्छ ।**

सामाजिक सञ्जाल

रवि लामिछाने आफ्नो प्रतिरक्षा गर्न जीवित छन्, शालिकराम पुडासैनी सदाका लागि मारिए (?!) रविको जयजयकार गर्ने फ्यानहरू शालिकराममाथिको अन्यायबारे किन यति साह्रो मौन ? रविका फ्यानहरूको विरोधको शैलीमा रविकै पत्रकारिताको शैली झल्क्यो भन्छन् ज्ञानीहरू । होइन, कुरो के हो श्रीमान् ?




**– खगेन्द्र संग्रौला**

समय र सोचमा फुर्सदकाहरुको भीड जसले आफूलाई बिना बर्दीको पुलिस, बिना बेञ्चको न्यायाधीश र प्रमाणपत्र बिनाको वकिल ठान्छ । पारसले पुलिस धकेलेको पनि ठीक भन्छ- पुलिसले अनुसन्धान गरेको कुरालाई बेठिक भन्छ । देश बनाउने हामी नै हौ भन्ने यो भीड अनुशासनमा त बस्न सक्दैन ।

**– सुशिल न्यौपाने**

कुनै पनि व्यक्तिलाई आरोप लाग्छ भने अनुसन्धान हुनुपर्दछ । रवि र अन्य दुईमाथि लागेको आरोपमा पनि अनुसन्धान पश्चात मात्र दोषी वा निर्दोष ठहर होस्, सामाजिक सञ्जालले ठोकुवा नगरोस् ।




**– प्रतिक प्रधान**

# स्व. टुङ्गबहादुर बस्नेत

## व्यक्ति एक व्यक्तित्व अनेक



**प्रा.डा. रेश बस्नेत**



वि.सं. १९८० भाद्र ११ देखि इलाम सांखेजुङ्गबाट शुरु भएको जीवनयात्रा अनेक दुःख-सुख भोग्दै तथा धेरै घुम्ती र मोडहरु पार गर्दै अन्तत ९६ वर्षको उमेरमा गत श्रावण २४ गते मध्यरातमा झापामा टुङ्गियो । स्व. पिता धनराज र माता धनमायाको कोखबाट कनिष्ट पुत्र रत्नका रुपमा जन्म लिएका युगपुरुष, कर्मठ योद्धा मेरा कान्छा बुबा स्व. टुङ्गबहादुर बस्नेतको बात्सल्यताबाट हुर्किंदै गर्दा धेरै थाहा पाएका वहाँका जीवनगाथाका धेरै आयामहरुबारे यहाँ वर्णन् गर्न स्थान अभाव होला भन्ने डरले सम्झना केही शब्दहरु मात्र पोख्न खोज्दैछु ।

हामी सबै ठूलाघर भन्थ्यौं हाम्रो पूर्ख्यौली घरलाई-सांखेजुङ्गमा । जहाँ परिवारको सधैं जमघट भइरहन्थ्यो । पिताजीहरु आफ्ना पिता धनराज बस्नेतका सामिप्यमा बसेर समसामयिक राजनीतिक घटना, पारिवारिक तथा व्यवसायिक कामका बारेमा चर्चा गरिरहेको सुनिन्थ्यो । राम्रो एकता थियो उहाँहरुबीच । आफ्ना पिताजीसँगको बसाईको कारण संरक्षकत्व प्राप्त थियो विशेष रुपमा कान्छा बुबालाई । पिताजीको जग्गा जमिन खेती र व्यापार व्यवसाय झापादेखि पाँचथरसम्मै विस्तार भएको थियो । ती सब व्यवसाय सञ्चालन गर्ने काइदा पिताजी र अग्रज दाजुहरुबाट प्राप्त भएको थियो उहाँलाई । स्वर्गीय दाजुहरु जगत, लक्ष्मण, खम्म र रत्न उमेरले निकै माथि भएकोले साथ सहयोग थियो । अशिम प्रेम थियो उहाँमाथि । पुर्ख्यौली सम्पत्तिको भागभण्डा हुनुपूर्व जेठा दाई जगत-वि.सं. १९८० देखि (९६ वर्षअघि) झापाको जग्गा जमिनको कारोबारमा संलग्न हुनुहुन्थ्यो । त्यतिबेला कान्छा बुबा जन्मदै हुनुहुन्थ्यो जस्तो लाग्छ । उहाँ लगायत अन्य दाजु तथा भतिजहरु मदन गंगा, इलाम लगायत पाँचथरसम्म कृषि, भेडा, घोडा पालन र पसल व्यवसायमा संलग्न हुनुहुन्थ्यो ।

सानो उमेर छँदै सबै दाजुभाइ-दिदीबहिनीहरुले गुरुद्वारा पुर्ख्यौली थलो चमैता गाउँको गुरुकूल पाठशालामा गुरु ब्रह्मलालबाट शिक्षादिक्षा लिनुभएको थियो । गीता, रामायण, महाभारत, चण्डीजस्ता ज्ञानपयोगी पुस्तकहरुको अध्ययन राम्रोसँग गर्नुभएको थियो । ती पुस्तकका बारेमा खुलेर अर्थ लगाउनुहुन्थ्यो उहाँहरुले । कान्छा बुबा भने अध्ययन अघि बढाउन इलाम सदरमुकाममा अंग्रेजी पढाइ हुने प्राइभेट स्कुल भर्ना हुनुभयो । त्यहाँ स्व. पदम देवानबाट अंग्रेजी र अंकगणित विषयमा ज्ञान आर्जन गर्नुभयो । हामीसँग फाटफुट अंग्रेजीमा कुरा पनि गर्नुहुन्थ्यो । एकपटक अंकगणित सम्बन्धित कुरा गर्दा बाह्र हजार बाह्र सय बाह्र लेख्न लगाउनुभयो । मैले बाह्र-बाह्र-बाह्र मुखैले भनी दिएँ । तर, खासमा त्यो तेह्र हजार दुई सय बाह्र हुन्थ्यो । जो पछि बताइदिनुभयो । यसरी विषयगत ज्ञान छ कि छैन भनेर हामीलाई जाँच गर्नुहुन्थ्यो कान्छाबुबा । उहाँको जीवन वडो सरल र अनुशासित थियो । दाजुहरुलाई भेट्दा चरण पर्ने स्वभाविक बानी थियो । अन्य दाजुहरुमा समेत सो बानी थियो । अहंकारको अ समेत थिएन उहाँहरुबीच- प्रेम सिवाय अन्य केही थिएन । आफ्ना पिताजीबाट तालिम प्राप्त र दीक्षित उहाँ युवा अवस्थामा अरु दाजुहरुभन्दा अझ बढी राजनीति तथा व्यापारमा केन्द्रित हुनुहुन्थ्यो । समयअनुसार घीऊ, आलु, अलैंचीको थोक व्यापार इलाम जिल्लाको सदरमुकाम बजार र सांखेजुङ्ग दुबै ठाउँ-ठाउँमा केन्द्रित थिए । व्यापार फस्टाएको थियो । आफ्नो निजी जमिनमा पचासौं मन अलैंची, आलु उत्पादन हुन्थे ।

सांखेजुङ्गमा हुर्किंदा बढ्दादेखि नै उहाँमा राजनीतिक चेतनाको बीऊ रोपिएको थियो । इलाम जिल्लामा कहलिएका शिक्षित व्यक्ति उसबेलाका म्याट्रिक पास भएका व्यक्ति मामा लप्टन खड्ग भट्टराई र उहाँका पुत्र के.वी. भट्टराई (मामली भाइ)सँग निकट हुनुहुन्थ्यो कान्छाबुबा राजनीतिको हिसाबले । भट्टराई र बस्नेत परिवार राणा जहाँनीया शासनको घोर विरोधी थिए । राणाशासन उखेल्न जनचेतना र जनतालाई शिक्षा दिन आवश्यक छ भन्ने कुराको बोध थियो- उहाँहरुमा । त्यसैले पिताजी धनराज बस्नेतको निजी जग्गा र संरक्षकत्वमा २००४ सालमा सांखेजुङ्गमा अंग्रेजी अध्यापन गराउने विद्यालय स्थापना गर्नुभएको थियो ।

दार्जिलिङ्गबाट शिक्षकहरु लगेर त्यहाँ पठनपाठन गराइन्थ्यो । २००७ सालको राणा विरोधी जनक्रान्तिमा कान्छाबुबा लगायत सम्पूर्ण बस्नेत र भट्टराई परिवार एक थियो । अझ २७ वर्षे युवा कान्छा बुबामा प्रजातन्त्रको पक्षमा अंकुरित बीजले सशक्त रुपधारण गरेको थियो । २०१८ सालमा नेपाली कांग्रेसले तत्कालीन पञ्चायती व्यवस्थाविरुद्ध सशस्त्र क्रान्ति घोषणा गऱ्यो । उहाँ खुलेर प्रजातन्त्रको पक्षमा लाग्नुभयो । फलस्वरुप इलाम जेलमा कैद भुक्तान गर्नुपऱ्यो । इलाम जिल्लामा नै उहाँ राजनीतिमा सक्रिय रहनुभयो । २०६४ सालमा आफ्नी प्रिय अर्धाङ्गिनी गुमाएपछि र माओवादीले सांखेजुङ्गस्थित घर, धनसम्पत्ति कब्जा गरेपछि इलाम टाढिएर गयो । त्यसपछि सक्रिय राजनीतिमा नरहे पनि जीवन पर्यन्त प्रजातन्त्रको पक्षमा शतिसाल झैं उभिई रहनुभयो ।

झापातर्फको शुरुवाती बसाई, पैतृक सम्पत्ति बाँडफाँडको दशकौंपछिबाट शुरु गर्नुभयो । खास गरेर २०२१ सालमा भूमिसुधार कार्यक्रम लागू भएपछि । त्यसअघि बस्नेत परिवारको सामूहिक घर (कामत घर) वर्षमा १/२ पटक रेखदेख गर्न आउने घर जगतबस्ती तत्कालीन चारपाने-१ मा नै थियो । अरुबेला जमिनको सम्पूर्ण कारोबार कारोबारीद्वारा सञ्चालित थियो । हिउँदको बेला हामी सानो छँदा त्यहीँ आई बस्थ्यौं । सोही ठाउँ हाल बिर्तामोड नगरपालिका-१ भएको छ । त्यसबेला जगतबस्ती जेठादाजु जगत बस्नेतको नामबाट नामाकरण गरिएको बिर्ताबजारको पश्चिम करिब एक किलोमिटर उत्तरबाट हालको अर्जुनधारा नपाको दक्षिण सीमाभन्दा अझ उत्तरसम्म फैलिएको थियो । बिर्तामोडको जन्म २०२०/०२१ सालमा महेन्द्र राजमार्गको रेखाङ्कन भएपछि मात्र भएको सम्झना कताकता आउँछ । त्यसबेला आफ्नो जग्गा राजमार्गमा पर्न गएकोले ठूलो नोक्सान पर्नेभयो भन्ने खैलाबैला परिवारमा भएको पनि याद आउँछ । २०२४/०२५ सालतिर महेन्द्र राजमार्ग बनिरहेको अवस्था थियो । त्यसै सेरोफेरोमा आफ्नो पुर्ख्यौली भाडबण्डाबाट प्राप्त जग्गामा निवास बनाई बसोबास शुरु गर्नुभयो ।

त्यसरी विस्तार-विस्तार सांखेजुङ्गबाट चारपानेलाई कर्मथलो बनाउनुभयो । त्यहीबेला बिर्तामोडस्थित हालको धनराज मार्केटमा आफ्नो जेष्ठ पुत्र गोपालकुमार बस्नेत र भतिज चन्द्र बस्नेतको नामबाट 'गोपालचन्द्र आयल कम्पनी' स्थापना गरी डिजेल र पेट्रोलको व्यापारिक व्यवसायमा हात हाल्नुभएको थियो । त्यसअघि २०२१/०२२ सालतिरै शनिश्चरे बजारमा धानको थोक व्यापार तथा शनिश्चरे इलाम यातायात व्यवसायमा संलग्न हुनुभएको थियो । २०३०/०३१ सालमा मेची बस यातायात सेवा, सयपत्री बस कम्पनी आदिको संरक्षकत्व ग्रहण गर्नुभएको थियो । परिवारका एकमात्र धरोहर र संरक्षक तथा मियो हुनुहुन्थ्यो कान्छाबुबा । परिवारमा कोही कमजोर छ भने उकास्ने बानी थियो उहाँमा ।

आफूले बोलेको कुरा पूरा गर्न कुनै अवस्थामा पनि चुक्नु हुन्न थियो । चट्टानी अडान राख्नुहुन्थ्यो त्यस्ता विषयमा । आवश्यक कुरामा मात्र खर्च गर्नुपर्छ भन्ने मान्यता राख्ने उहाँ आवश्यक पर्दा हीरा फोर्नुपर्छ भन्नुहुन्थ्यो । समाजसेवामा उहाँको योगदान अविस्मरणीय छ । इलाम र झापाका अनगिन्ती शैक्षिक एवम् धार्मिक क्षेत्रमा संरचनाहरुको निर्माण, सम्बर्द्धन र संरक्षण गर्नुभएको थियो र छ । यिनै जिल्लाहरुमा गरिब र जेहेन्दार छात्रछात्राहरुको निम्ति शहिदहरुका नाममा जय नेपाल प्रतिष्ठानमार्फत् छात्रवृत्ति तथा पुरस्कार उपलब्ध गराइरहनु भएको छ । सोको नियुक्ति धनराशी राखिदिनुभएको छ ।

यस्ता बहुआयामिक व्यक्तिको अवशान हुँदा देश, समाज र परिवारले ठूलो क्षति व्यहोर्नु परेको छ । अन्त्यमा उहाँप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै उहाँको अजर, अमर अविनाशी आत्माले चिरशान्ति प्राप्त गर्न सकोस् यही प्रार्थना गर्दछु ।

# शोभामय व्यक्तित्व कि आवृत्ति ?

**श्रीना नेपाल**

भित्री सुन्दरताले बाहिरी सुन्दरताको छवि बनाउँछ । फूलको आँखामा फूलै संसार, यी कुरा त हामी सधै नैं सुनिरहेका वा भनिरहेका हुन्छौं, तर पनि बाहिरी सौन्दर्यलाई नै बढी ध्यान किन दिन्छौं ? विशेष समारोहमा वा अन्य स्थानमा भेट्दा किन बहिरी आकृतिको बढी मात्रामा वरण गर्छौं ? कुनै पनि ठाउँमा जानुअघि घण्टौं ऐना अगाडि बसेर तयार किन हुन्छौं ? के भित्री कुरूपता लुकाउन बाहिरी, बनावटी सुन्दरता काफी छ ? सौन्दर्यवर्द्धक साधनको प्रयोगले अनुहार चम्काउँदैन, अनुहार चम्काउँछ त व्यक्तित्वले, बाहिरी सुन्दरताले आँखालाई आकर्षित बनाउँछ । तर, व्यक्तित्वले मनलाई आकर्षित बनाउँछ ।

*विद्या सुन्न भनेर कान बनिए, के गर्नु ती कुण्डल ?*
*दानै गर्न भनेर हात बनिए, बाला भिरे के फल !*
*जिब्रो पढ्न र मन्त्र जप्न बनियो, न स्वादका खातिर,*
*यो चोला उपकार गर्न बनियो, श्रृङ्गारमा के छ र ?*

गुणरत्नमालाका यी चार हरफले पनि प्रस्ट पारेका छन्, सुन्दरता तब छल्किन्छ जब हामी कुनै पनि व्यक्तिको सहयता गर्न पूर्ण गर्न योगदान गर्छौं, समय दिन्छौं तर बदलामा बिना केही आशा र अपेक्षा राखेर । सामान्य आनन्दमा रमाउन सिक्यौं भने हाम्रो बाहिरी रूपमा पनि चमक आउँछ । हामीभित्र सौन्दर्यले गर्न सक्ने, चमत्कारका बारेमा अनभिज्ञ त छैनौं नि ! अन्तर्राष्ट्रिय जगत्मा हेर्ने हो भने, मदर टेरेसा, बाराक ओबामा जस्ता मानिसहरूले समाजमा सकारात्मक परिवर्तन ल्याएका छन् । राष्ट्रिय जगतमा नियाल्दा पनि अनुराधा कोइराला, पुष्पा बस्नेत, माधवप्रसाद घिमिरे जस्ता थुप्रै व्यक्तिले पनि समाजमा सकारात्मक उन्नति भित्र्याएका छन्, बाहिरी रूपले होइन सत्कर्म, सकारात्मक सोचको सौन्दर्यले हो । हाम्रो नेपाली समाजमा बहिरी सौन्दर्यलाई यति महत्व दिने गरिन्छ, त्यसैले हर कोही आफ्नो भित्रीरूपको प्रवाह छोडेर बाहिरी रूपमा भुलिरहेका हुन्छौं ।

मिस नेपाल-२०१७ की विजेता निकिता चाण्डकका बारेमा नकारात्मक टीका-टिप्पणी दिइयो, नचाहिँदा टोर्लहरू बनाइयो, किनकि उनको शारीरिक रंग अनि अनुहारको आकृति अलि फरक किसिमको छ ! उनको मेहनत, लगनशीलतालाई नजर आन्दाज गरियो, उनको क्षमता नभएको भए त्यस्तो प्रतिष्ठित उपाधिको विजेता यत्तिकै त भइँदैन नि ! उनी आफ्नै किसिमले सुन्दर छिन् ! सौन्दर्य प्रतियोगिताको महत्व शारीरिक बनोट मात्र नभई भित्री व्यक्तित्व बनोटको प्रतियोगिता पनि हो !

आँखाको प्रलोभनमा परी नपछुताएका कहानीहरूको अभाव नभएको त होइन, तर पनि यदि कोही मानिस विशेषगरी महिलाहरूको शारीरिक बनावट नियालिन्छ र प्रश्न खडा गरिन्छ विवाहको ? यदि शारीरिक सौन्दर्य नै माया पाउनुको योग्यता हो भनेदेखि यी पाठशालाहरू जहाँ मानवीय आचरण, असल व्यक्तित्व बनाउनतिर ध्यान दिइन्छ, ती सबैलाई हटाएर सौन्दर्यवर्द्धक प्रयोगशालाहरू स्थापना गर्नुपर्छ ।

शारीरिक आकर्षण समय, उमेरसँगै धमिलिँदै जान्छ, तर मानिसको देहावसान भइसकेपछि पनि अमर रहन्छ त केवल उसको व्यक्तित्व । जसरी फूल फुल्छ, त्यहाँ भमराहरू भुलिन्छन्, रस चुसेर जान्छन् अनि केही समयपछि त्यो फूल पनि ओइलेर झर्छ, शारीरिक आकर्षण पनि त्यस्तै हो, तर जसरी आकाशमा तारा सधैं चम्किरहन्छ व्यक्तित्व सधैंका लागि अमर हुन्छ ।

हामी सबै आफ्नै किसिमले राम्रा छौं, सुन्दरता तब शुरु हुन्छ जब तपाईंले विश्वास गर्नुहुन्छ कि तपाईं सुन्दर हुनुहुन्छ, तपाईंलाई कहिले आफूमाथि आशंका जाग्यो भने जङ्गलमा जानुहोस् अनि ती रूखहरूलाई हेर्नुहोस्, कसरी अटल भएर उभिरहेका हुन्छन्, जोसुकैले जे सुकै भनोस्, ती नदीनालाहरूलाई हेर्नुहोस्, आफ्नै पारामा बगिरहेका हुन्छन्, कसैको परवाह नगरी अनि आकाशमा ती ताराहरू हेर्नुहोस् अनभिज्ञछन् तर चम्किरहेका छन् । दाग नै खोज्ने हो भने त चन्द्रमामा पनि दाग भेटिन्छ । आफूमा विश्वास गरेर, आफ्नो आचरण सुधार्न समय सदुपयोग गर्नुपर्छ ।

यदि तपाईंको सोच तपाईंको शरीरभरि लेखिने भए, सोच्नुहोस्, के तपाईं आझै सुन्दर देखिनुहुन्छ ? सोच्नुहोस्, यदि तपाईंले हरेकचोटी गलत कदम उठाउँदा वा नकारात्मक सोच राख्दा तपाईंको शरीरभरि दाग देखिन्छ भने कति दाग हुन्थ्यो होला तपाईंको शरीरमा ? शारीरिक दाग छोप्नलाई लिपपोत गर्ने तपाईं चारित्रिक दाग छोप्नुपरेमा के गर्नुहुन्छ ? यी प्रश्न ती व्यक्तिहरूका लागि हो जो बाहिरी सौन्दर्यको तुलना गर्छन् अनि अरूलाई कमसल देखाउँछन् ।



तपाईं जस्तो हुनुहुन्छ ठीक हुनुहुन्छ, कसैको रायले तपाईं आफूमा लघुताभासको आभास हुन नदिनुहोस्, ध्यान दिनुहोस् त केवल आफ्नो भित्री सुन्दरतालाई सबल बनाउन ताकि तपाईंको भौतिक शरीरको विनाश भइसके पनि तपाईंको अस्तित्व सधैं अमर रहोस् ! *कारोबार*

# तेलका ट्यांकरलाई पार्किङस्थलको अभाव

**झापा, भदौ २।** नेपाल आयल निगमको चारआली कार्यालयमा पार्किङस्थलको अभाव भएकाले सदरमुकाम जोड्ने व्यस्त सडकनै तेलका ट्यांकरको पार्किङस्थल बन्न पुगेको छ ।

मेचीनगर-१३ चारआलीमा रहेको निगमको कार्यालयमा पेट्रोलियम पदार्थ बोकेका दैनिक ५० वटासम्म ट्यांकर भित्रिने गरेका छन् । तेल अनलोड गरिसकेपछि खाली ट्यांकर झापाको सदरमुकाम जोड्ने चारआली-चन्द्रगढी सडकमा दिनरात लस्कर लागेर पार्किङ गरिँदै आएका छन् ।

इलाम, पाँचथर र ताप्लेजुङ जिल्लाबाट आउने सवारीसाधन चारआलीको सोही सडक हुँदै चन्द्रगढी जाने गर्छन् । तर, बाटोभरि ट्यांकरको अव्यवस्थित पार्किङ हुँदा दुर्घटनाको जोखिम बढेको छ । निगमको कार्यालय परिसर छ बिगाहको मात्र छ । साँघुरो परिसर भएकाले निगमभित्रै खाली ट्यांकरलाई पार्किङको व्यवस्था मिलाउन नसकिएको कार्यालयका सूचना अधिकारी लोकमणि पौडेलले बताए ।

तेल अनलोड गरिसकेपछि ट्यांकरलाई व्यस्त सडक र बस्तीमा पार्किङ गर्न दिइनु नहुने स्थानीयबासीको माग छ । दिनरात पार्किङ गरिँदा ट्यांकरबाट निस्कने प्रदुषणयुक्त धुँवाले वातावरण बिग्रिएको, आगलागी र दुर्घटनाको उच्च जोखिम भएको र गाडीका स्टाफले अश्लिल कुरा बोल्ने गरेकाले बालबालिकामा नकारात्मक असर परेको स्थानीय सर्पदंश टोल विकास संस्थाका सचिव हेमराज भट्टराईले बताए ।

सडकबाट पार्किङ हटाउन पटक-पटक माग गर्दा प्रहरी प्रशासनले समेत बेवास्ता गरेको स्थानीयको गुनासो छ । केही वर्ष अघि यसरी नै पार्किङ गरिएको ट्यांकरमा आगलागी हुँदा त्रास फैलिएको थियो । त्यसबेला बेलैमा आगो निभाइएका कारण धेरै क्षति हुन पाएको थिएन । चारआली-चन्द्रगढी सडकखण्ड झापाको व्यस्त सडकमध्येमा पर्दछ । यही बाटो भएर चन्द्रगढी विमानस्थल र मेची अञ्चल अस्पतालमा सर्वसाधारण यात्रा गर्छन् । ट्यांकर पार्किङ हुँदै आएको यही सडक क्षेत्रमा नेपाली सेनाको चारआली गण र सर्पदंश उपचार केन्द्र समेत रहेको छ ।

साँघुरो सडकका दुबै किनारमा लस्करै राखिएका ट्यांकरका कारण जोखिम मोलेर सवारी चलाउनु परिरहेको सो सडकमा मिनी बस चलाउँदै आएका सवारी चालक कनक राजवंशी बताउँछन् । अधिकांश ट्यांकरका चालकले सडक आसपासका घरमा नै डेरा लिएर बसेका छन् । निगमले उचित पार्किङ स्थानको व्यवस्था गरिदिए सडकमा यसरी अस्तव्यस्तता सिर्जना हुने गरी पार्किङ नगरिने ट्यांकर चालकहरु बताउँछन् ।

# हातेमालोको तीज मिलन

**बुधबारे, भदौ २।** हातेमालो बचत तथा ऋण सहकारी संस्थाले नेपालीहरूको सांस्कृतिक पर्व तीजको अवसरमा तीज मिलन कार्यक्रम सम्पन्न गरेको छ ।

हातेमालो वचत तथा ऋण सहकारी महिला उपसमितिकी संयोजक ज्ञानु थापाको अध्यक्षता र बुद्धशान्ति गाउँपालिकाकी उपाध्यक्ष मिरा भुर्तेलको प्रमुख आतिथ्यमा कार्यक्रम भएको थियो । कार्यक्रममा प्रमुख अतिथि भुर्तेल र संस्थाका अध्यक्ष गोविन्दप्रसाद पौड्यालले तीजको महत्वका बारेमा प्रष्ट्याएका थिए ।

कार्यक्रममा महिला उपसमिति सदस्य विष्णु मैनाली उप्रेतीले स्वागत गरेकी थिइन् । कार्यक्रममा तीज विशेष सांस्कृतिक नृत्य र गीतहरू प्रस्तुत गरिएको थियो । विशेष गरेर माइतीचेलीको आत्मीय भावलाई प्रगाढ पार्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको सहकारीले जनाएको छ ।

कार्यक्रममा महिला शेयर सदस्यहरूलाई दर समेत खुवाइएको थियो । कार्यक्रमको सञ्चालन महिला उपसमितिरुका सदस्यद्वय देविका अधिकारी र रिता पोखरेलले गरेका थिए ।

# झिलझिलेमा आन्छी क्याफे



**झिलझिले, भदौ २।** झापाको झिलझिलेमा आन्छी क्याफे एण्ड वार आइतबारदेखि सञ्चालनमा आएको छ ।

होटल व्यवसायी संघ माईपश्चिम क्षेत्रका अध्यक्ष राजन दंगालले क्याफे एण्ड वारको उद्घाटन गरेका हुन् । नेपाल सरकारले सन २०२० लाई 'नेपाल भ्रमण वर्ष'को रुपमा घोषाण गरेको र उक्त कार्यक्रमलाई सफल पार्न होटल व्यवसायीहरुको एकता र सहकार्य हुनुपर्नेमा दंगालले जोड दिए । स्थानीय दीपककुमार मेन्याङ्वो र सुवास मेन्याङ्वोले ३५ लाख रुपैयाँको लगानीमा आन्छी क्याफे एण्ड वार सञ्चालनमा ल्याएका हुन् ।

वारमा प्रत्येक सोमबार लाइभ म्युजिकका कार्यक्रमहरु हुने र क्याफे एण्ड वारमा बेकरी, खाद्यान्न र पेयपदार्थहरु उपलब्ध हुने सञ्चालक दीपककुमार मेयाङ्वोले बताए । त्यस्तै, बर्थडे लगायतका सबै प्रकारका पाटी, सेमिनार, गोष्ठी र तालिमहरु सञ्चालन गर्न सकिने उनले बताए ।

क्याफे एण्ड वारमा चाईनिज फुड स्वादका परिकार समेत पाइने सञ्चालक सुवास मेन्याङ्वाले बताए ।

कार्यक्रममा सतासीधाम सामुदायिक प्रहरी सेवाकेन्द्रका महासचिव सन्त फेउवादेन लिम्बू, नेशनल लाइफ इन्स्योरेन्स कम्पनी दमक शाखा प्रमुख सुमनकुमार राई, होटल व्यवसायी संघ माइपश्चिम क्षेत्रीय समिति दमकका कार्यसमिति सदस्य दीपक फुयाल, शिबसताक्षी-८ का वडा सचिव पुष्प पाण्डे, सतासी जेसीजका कुमार साँवा लगायतले शुभकामना दिएका थिए ।


## होटल तालिममा भर्ना खुल्यो

सिप सिकौं.....आत्मनिर्भर बनौं । तीन महिने होटल तालिममा भर्ना खुलेको सहर्ष जानकारी गराउँदछौं ।
तालिम- वारटेन्डर, वेटर, फ्रन्ट अफिस, कुक
नोटः यहाँ कुनै पनि कार्यक्रम गर्नको लागि हल तथा क्याटरिङको पनि सुविधा छ ।
ककटेल/मकटेलमा २०% छुट
हाम्रा विशेषताहरु :
१) शतप्रतिशत प्राक्टिकल गराइने ।
२) दक्ष नहुञ्जेल तालिम दिइरहने ।
३) दक्ष सेफद्वारा तालिम दिइने ।
४) विदेश जानेहरुका लागि स्पेशन कोर्ष गराइने ।
५) तालिम पछि अन्तर्राष्ट्रिय प्रमाणपत्र दिइने ।
६) तालिम पछि रोजगारको अवसर दिइने ।
सिट सिमित छ। आजै सम्पर्क गर्नुहोला।
**होटल मुन टावर इन**
शनिश्चरे रोड, बिर्तामोड (झापा) फोनः ०२३- ५४१७१५, ९८०४९०३०९५

## पाथीभरा सिने प्लाजा बिर्तामोडमा चलिरहेछ

(हल ए) नेपाली सिनेमा हजार जुनीसम्म
पहिलो शो ११:४५
दोस्रो शो २:४५
नाइट शो ७:१५

(हल बी) नेपाली तथा हिन्दी सिनेमाहरु
पहिलो शो ११:४५ BATLA HOUSE
दोस्रो शो २:४५ MISSION MANGAL
तेस्रो शो ७:१५ MISSION MANGAL

www.pathivaracineplaza.com
(नोटः हिन्दी मिसल मंगल र नेपाली हजार जुनीसम्मको बुकिङ्ग खुल्ला गरिएको छ) बुकिङ्ग गरेको टिकट आधाघण्टा पछि स्वतः क्यान्सिल हुनेछ । फोन नं. ०२३-५४६४३६

## राजगढमा चलिरहेछन् यी चलचित्रहरु

नयाँ रिलिज चलचित्रहरु
पहिलो शो १२:०० बजे हजार जुनीसम्म (नेपाली)
दोस्रो शो २:३० बजे BATLA HOUSE (हिन्दी)
तेस्रो शो ५:३० बजे MISSION MANGAL (हिन्दी)
चौथो शो ७:४५ बजे हजार जुनीसम्म (नेपाली)
एभरेस्ट डिजिटल सिनेमा हल, राजगढ, झापा
टिकट अग्रिम बुकिङको लागि सम्पर्क नं. मो. ९८१७९५९७१०

## झापाको बिर्तामोडदेखि इलामको रविसम्मको दैनिक आरामदायी यात्राको लागि हामीलाई सम्झनुहोस् ।

दानावारी, महमाई, लारुम्वा, रविसम्म गाडी छुट्ने समयः
बिहान : ७:३० , ८ :३० , ९ :१५ , १० :१५ , ११ :१५ , १२ :१५ ,
बेलुका : ०२:१५ दानाबारीसम्म । ०२:४५ सानो वर्दुसम्म ।
बिर्तामोडबाट रविसम्म जाने गाडी नम्बरहरु :
मे १ ज ५६४, मे १ ज १७९९, मे १ ज ५४६, मे १ ज ६२५, मे १ ज ३०७
काउण्टर इन्चार्ज सम्पर्क नम्वरहरु :
बिर्तामोडबाट दानावारी : ९८४२६२३१५२ सीताराम आचार्य (काका)
बिर्तामोडबाट रवि : ९८१५९९०३४४ वीरेन्द्र राई

## नेपालीहरुको लागि भरपर्दो सेवा मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ्ग सेन्टर

भारतको पानीटंकीस्थित नेपालीहरूको एक मात्र मोटरसाइकल पार्ट्सका सामान होलसेलमा शुपथ मूल्यमा पाउनुका साथै ग्यारेन्टीका साथ सर्भिसिङ पनि गरिन्छ ।
निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
निशान्त - ८३७२०७८४५४/ ८३४८४७३७१७ (इण्डिया), ९८४०१६४४५३ (नेपाल)

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।
**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।
उपचार हुने समस्याहरु :
- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।
**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**
(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा
फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८

## Study in JAPAN

APPLY SESSION JANUARY APRIL | JULY OCTOBER
PREPARATION CLASSES
NAT | JLPT | EJU | J-TEST
- दक्ष एवम् अनुभवी प्रशिक्षकद्वारा पठनपाठन गराइने
- पूर्ण AC कक्षाकोठा साथै Projector द्वारा पठनपाठन गराइने
- प्रत्येक हप्ता Test गराइने
- समूहमा आउनेलाई विशेष छुटको व्यवस्था
- टाढाबाट आउनेलाई सस्तो र सुविधायुक्त होस्टल/कोठाको व्यवस्था
बिहान ५:०० देखि बेलुकी ६:०० बजेसम्म कक्षा सञ्चालन
**GLOBAL PEACE**
Int'l Education Academy Pvt.Ltd.
Shanischare Road, Birtamod, Jhapa
Tel : 023-546214 | 9801061988 | 9801061989

## कोरियन भाषा

한국어 にほんご
हाम्रा बिशेषताहरु
PBT, CBT, Student Visa का कक्षाहरु सञ्चालन ।
न्युन शुल्कमा डबल कक्षा तथा ग्रुपलाई विशेष छुट ।
AC युक्त Waiting Hall, Exam Hall भएको ।
Skill Test को तयारी कक्षा उच्च स्तरीय सामाग्रीबाट गराइने ।
Course Book तथा शिक्षण सामाग्री निःशुल्क वितरण गरिने ।
स्तरीय कोरियन Listening Grammar को अध्यापन गराइने ।
प्रत्येक हप्ता टेष्ट, Audio, Video प्रोजेक्टरबाट कक्षा सञ्चालन हुने ।
5000 Model Question को अभ्यास तथा Guarantee कक्षा गराइने ।
टाढाबाट आउने तथा पुराना विद्यार्थीलाई विशेष छुटको व्यवस्था गरिने ।
बिहान ५ देखी साँझ ६ बजे सम्म कक्षा सञ्चालन
जापनीज भाषाका N5 & N4 का कक्षाहरु पनि बिशेष छुटमा गराइने ।
Rupjyoti Institute Pvt. Ltd.
Birtamod - 5, Jhapa Opposite to Kankai Hospital, Near Hotel Heaven
E-mail:- rklebtm@gmail.com
Facebook :-www.facebook.com/rupjyotikorean
प्रो. अर्जुन बोहोरा
Tel : 023-546692 | 9814999326 | 9806090399

## वर्गीकृत विज्ञापन

### साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।
सम्पर्कः ९८१४९९३७१२, ९८६२६४८२८२
९८४२६७७८५५, ९८२४९८११७४

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रवों (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
'चट्ट फोट झट्ट सेवा'
सम्पर्कः ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

### कर्मचारी आवश्यकता

शिक्षक : १ जना
(निमावि तहको सामाजिक विषय पढाउने)
वेटर क्याप्टेन : २ जना
कुक : ५ जना
वेटर : १० जना
क्लिनर : ५ जना (महिला, पुरुष)
**नेपाल जब्स केयर सर्भिस प्रा.लि.**
अतिथि सदनको पश्चिमपट्टी जेसीज भवन पछाडि, फोन : ०२३-५४६६८३
मो.: ९८२५९८७९००

### Private / Open SEE 2076

प्राईभेट SEE कक्षा-१० को आठ ओटै विषयका तयारी कक्षाहरुमा भर्ना खुल्यो ।
कक्षा-८ पास गरी अध्ययन छाडेका, कक्षा-९, १० वा SLC फेल भई बसेका विद्यार्थीहरूले यस वर्ष नै SEE पास गर्न सक्नेछन ।
**पाइथागोरस एजुकेशन फाउण्डेशन**
अतिथि सदन रोड, बिर्तामोड
फोन. 023-544975 , मो.नं. 9807927033

### आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड नगरपालिका-४ भद्रपुररोड पुरानो गोमेन्द्र कलेजदेखि तल्लो कालिका चोकबाट ३५० मिटर पश्चिममा ४२ फिट मुख भएको उत्तर फर्किएको, उत्तर-दक्षिण दुबैतिर बाटो भएको १ कठ्ठा जग्गा विक्रीमा छ। इच्छुकले सम्पर्क गर्नुहोला ।
सम्पर्कः
९८४२७८९८१३/९८१४९११७७७

### पसल बिक्रीमा

बिर्तामोड नगरपालिका वडा नं.- ४ भद्रपुररोडस्थित बिजुली अफिसको दक्षिणपट्टि मेनरोडमा अवस्थित पसल भएको अगाडिको सटर तथा त्यससँगै जोडिएको पछाडिको तीनवटा सटरसहित पसल विक्रीमा छ । इच्छुकले सिधा सम्पर्क गर्नुहोला ।
सम्पर्क नं. : ९८०६०००४७२

### हिजोको सूनचाँदीको भाउ

छापावाला सुन : ६५,५००।-
तेजावी सुन : ६५,२००।-
असल चाँदी : ७५०।-

### पत्रिका समयमा पाउनु भएको छैन ?

मो. ९८०७९१०२२२ पत्रिकाको ग्राहक शुल्क भुक्तानी गर्नलाई निम्न नं. मा सम्पर्क गर्नुहोस् ।

### छापाखाना


बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि, स्टाम्प (छाप), अफसेट प्रिन्ट, स्क्रीन प्रिन्ट, फ्लेक्स प्रिन्ट, होर्डिङ्ग बोर्ड, लेमिनेशन, डिजिटल प्रिन्ट
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
फोन नं. ०२३-५४२१५९,
९८४२६२४३५३/९८१४०३६३४४

## कन्काई हस्पिटल प्रा. लि.

बिर्तामोड, झापा विशेषज्ञ सेवा हाम्रो प्रतिबद्धता सबैको पहुँचमा हाम्रो स्वास्थ्य सेवा

डा.सन्तोष कु. मिश्र — वरिष्ठ ल्याप्रोस्कोपि तथा जनरल सर्जन
डा.रोशन अटल
डा.पुष्पेन्द्र लिम्बु
डा.डि.के. आचार्य — वरिष्ठ मुटु रोग विशेषज्ञ तथा फिजिसियन दैनिक सेवा
डा.सबिन मानन्धर
डा.मो.अक्तर अली
डा. गौरव राज ढकाल — MBBS, MS, ORTHO (KU), ASSI SPINE FELLOWSHIP (PARK CLINIC, KOLKATA, INDIA), NASS CLINICAL TRAVELLING SPINE FELLOWSHIP (USA), वरिष्ठ स्पाईन (मेरुदण्ड) विशेषज्ञ/सर्जन, राष्ट्रिय ट्रमा सेन्टर काठमाण्डौबाट
डा. विकास जैशी MBBS, MD, DM Hepatology (NA[redacted]
डा. मुक्ति आचार्य — MBBS, MD (TU), वरिष्ठ मानसिक, नशा तथा मनोरोग विशेषज्ञ
डा.रोसन आचार्य — [redacted]न,घाटी रोग विशेषज्ञ [redacted] विहिवार
डा.सि.वि झा
नेपाल सरकार स्वास्थ्य विमा कार्यक्रम सञ्चालन भइरहेको जानकारी गर्दछौं।

२४सै घण्टा उपलब्ध सेवाहरु
- आकस्मिक तथा आपतकालिन सेवा
- आधुनिक भेन्टिलेटर सहित ICU सेवा
- जनरल तथा ल्याप्रोस्कोपी शल्यचिकित्सा
- आधुनिक एनलाइजर सहित प्याथोलोजी सेवा
- आकस्मिक दुर्घटनाको विशेष सुविधा तथा उपचार
- आधुनिक अमेरिकन कम्पनीको आर्थोस्कोपी मेसिनद्वारा जोर्नी फेर्ने र जोर्नी सफा गर्ने सर्जरी
- फार्मेसि सेवा
- ५०० ma डिजिटल x-ray सेवा
- जनरल फिजिसियन चिकित्सा सेवा
- स्त्री तथा प्रसुति शल्यचिकित्सा
- हाडजोर्नी तथा नशा शल्यचिकित्सा

ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** मानसम्मान प्राप्त हुनुका साथै प्रियजनसँग रमाइलो भेटघाट, घुमफिर तथा मनोरञ्जनको समय छ । भौतिक साधनले जीवनशैलीमा परिवर्तन ल्याउन सक्छ ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अतिथिका रूपमा सत्कार पाइनेछ । आम्दानी बढाउने काम शुरु गर्न सकिनेछ । प्रेम र मित्रताको बन्धन कसिलो हुनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** व्यवसायको सन्दर्भमा यात्रा हुन सक्छ । आँटे[redacted] काममा साथीभाइबाट सहयोग मिल्नेछ ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** विवादास्पद काममा अलमलिनुपर्दा चिताएको का[redacted] रोकिन सक्छ । अवसरवादीहरूबाट सज[redacted] रहनुहोला ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** आफ्नै कमजोरीले चिन्ता बढाउन सक्छ । परिस्थि[redacted]र्ण रहला । बलजफ्तीले समस्या निम्त्याउन [redacted]

[redacted], प, पि, पु, ष, ण, ठ, पे, पो) - [redacted]र्दा मान्यजन तथा शुभचिन्तकहरूले साथ [redacted]र्ष्या गर्नेहरूले सताए पनि अन्त्यमा आस[redacted]जा सकारात्मक हुनेछ ।

[redacted]रे, रू, रे, रो, ता, ति, तु, ते) - [redacted]नीति र लाभको अवसर प्राप्त हुन सक्छ । [redacted]फाइदा लिँदा लाभांश अरूलाई पनि बाँड्नुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** चिताएको काममा मेसो नमिल्दा योजना पूरा नहुन सक्छ । हल्लाको पछि लाग्दा आफ्ना कामबाट अरूले फाइदा उठाउलान् ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** सेवामूलक कामबाट धनलाभ हुनेछ । प्रतिभा प्रदर्शन गर्दै बौद्धिक प्रतिस्पर्धामा विजयी भइनेछ । दिगो लाभ हुने काम प्रारम्भ हुनेछ ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** आवेशमा गरिएको निर्णयले समस्या निम्त्याउने हुँदा सजग रहनुपर्ला । इर्ष्या गर्नेले अवरोध पुर्‍याउन सक्छन् ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** आफ्ना योजना गोप्य राखेर अघि बढ्नुहोला । मेहनत गर्दा जटिल ठानिएको काम समेत सम्पादन हुनेछ ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** रोकिएका काममा भने दोहोर्‍याएर प्रयत्न गर्नुपर्ला । दिगो फाइदा हुने काम प्रारम्भ हुनेछ ।

# ज्येष्ठ नागरिकले पाएनन् भाडामा छुट र आरक्षण सिट



**झापा, भदौ २।** ज्येष्ठ नागरिकको परिचयपत्र देखाउँदा पनि लोकन्थलीबाट बानेश्वरसम्म जाँदा सार्वजनिक बसले महाप्रसाद पराजुलीसँग रु. १० भाडा माग्ने गरेका छन् । काठमाडौं उपत्यकामा न्यूनतम् भाडा रु. १४ हो ।

ज्येष्ठ नागरिकलाई सार्वजनिक सवारीसाधनमा ५० प्रतिशत छुट दिइने व्यवस्था भए पनि सार्वजनिक सवारीसाधनले 'यति रुपैयाँ दिएकै छौं नि' भन्दै टार्ने गरेको पराजुलीको अनुभव छ । अग्रज समाज नेपाल, ज्येष्ठ नागरिक संघर्ष समितिका अध्यक्ष समेत रहेका उनले कतिपय सवारीसाधनले त्यही छुट पनि दिन नचाहने गरेको बताए । आफू छुटका बारेमा बुझाएरै भए पनि तोकिएको भाडा तिरेर गन्तव्यसम्म जाने गरेको उनले बताए ।

सरकारले ज्येष्ठ नागरिकका लागि जम्मा भाडाबापत लाग्ने रकमको आधा रकम छुट दिने व्यवस्था गरेको छ । विभागले कार्यविधि बनाएर शुरु गरे पनि आरक्षण र छुट अहिले काठमाडौं उपत्यकामा नै पूर्णरूपमा लागू भइरहेको छैन । काठमाडौं उपत्यका बाहिर र काठमाडौंबाट चल्ने लामो रुटका सवारीसाधनमा यो समस्या अझै बढी रहेको ज्येष्ठ नागरिकको गुनासो छ । ज्येष्ठ नागरिकका लागि अनिवार्यरूपमा दुईवटा आरक्षण सिटको व्यवस्था गर्नुपर्ने भए पनि त्यसको अनुगमन नहुँदा धेरै सवारीसाधनले बेवास्ता गरेको पाइएको छ ।

ज्येष्ठ नागरिक माधवप्रसाद घिमिरेले आरक्षण सिटको व्यवस्था नहुने र भाडामा छुट नदिने समस्या काठमाडौं उपत्यकामाभन्दा उपत्यका बाहिरका जिल्लामा बढी रहेको बताए । काठमाडौं उपत्यकामा सवारी चालक र सवारी धनीमा केही ज्ञान भए पनि काठमाडौं उपत्यका बाहिर नभएको उनको भनाइ छ । अघिल्ला वर्षमा साझा, मयुर लगायतका यातायात सेवा प्रदायकले ७० वर्ष माथिका नागरिकलाई निःशुल्क यातायातको व्यवस्था गर्ने जनाएका थिए । उनले भने- 'अहिले तिनमा समेत पालना हुन छाडेको छ ।'

अर्का ज्येष्ठ नागरिक सीताराम ढकालले काठमाडौंबाट बनेपा वा धादिङ नै पुग्दा पनि सार्वजनिक सवारीसाधनले छुट दिन नचाहने गरेको बताए । कतिपय सवारी चालक र सवारीधनीमा यो काठमाडौं उपत्यकाका लागि मात्रै हो भन्नेसमेत भ्रम रहेको पाइन्छ । ज्येष्ठ नागरिकले लामो संघर्षबाट ल्याएको व्यवस्था भएकाले पूर्णरूपमा कार्यान्वयन गर्नुपर्नेमा उनको जोड छ । उनले भने- 'हाम्रो आन्दोलनकै क्रममा कतिपय साथी मृत्यु भइसकेको छ, हामी भएकाले निरन्तर आवाज उठाइरहेका छौं ।'

आरक्षण सिट र छुट कार्यान्वयन भए/नभएको भनी यातायात व्यवस्था विभागले अनुगमन नगरेको अध्यक्ष पराजुलीले बताए । यातायात व्यवस्था विभागले समय-समयमा अनुगमन गर्दा मात्रै कार्यान्वयन हुने उनले बताए । अहिले सहचालकले सजिलोसँग आधा छुट नदिएको उनको आरोप छ । कतिपय ज्येष्ठ नागरिक भाडा यति हो र हामीले यति छुट पाउनुपर्छ भनेर माग्ने भए पनि कतिपयले माग्न नसक्दा सहचालकले भाडामा छुट नदिएको उनको आरोप छ। उनले भने- 'पहिले-पहिले अनुगमन हुँदा कार्यान्वयन भए पनि अहिले कार्यान्वयन भएको छैन ।'

विभागका निर्देशक प्रेमकुमार सिंहले विभागले पहिलेदेखि नै सार्वजनिक सवारीसाधनमा अनुगमन गरिरहेको बताए । विगत एकदशक पहिलेदेखि अनुगमन हुँदै आएकोमा आगामी दिनमा अझै बढाइने उनले बताए । विभागले गत आर्थिक वर्षमा सवारीसाधनलाई जरिवाना गरेर रु. ४५ हजार जरिवाना गरेको थियो । पहिले विभागको कोठाभित्र मात्रै काम सीमित रहेकामा वि.सं. २०६५ देखि सार्वजनिक यातायातमा अनुगमन शुरु भएको थियो । सवारीसाधनले ज्येष्ठ नागरिकका लागि सिट आरक्षण नगरे वा ५० प्रतिशत छुट नदिए कारवाही गरिने उनले बताए ।

ज्येष्ठ नागरिक समेत संलग्न गराएर अनुगमन गराइने उनले प्रतिबद्धता जनाए । उनले भने- 'अहिले अनुगमन शुरु गरेर दशैं लगायतका चाडपर्वमा अनुगमन बढाइनेछ ।' ज्येष्ठ नागरिकका संघ-संस्थाको अगुवाइमा विसं २०६९ मा महिनौंसम्म आन्दोलन भएको थियो । सोही आन्दोलनमा ज्येष्ठ नागरिकले सरकारसँग सार्वजनिक यातायातमा भाडामा छुट र आरक्षण सिटको माग गरेका थिए । सबै अस्पतालमा ज्येष्ठ नागरिकका लागि छुट्टै ज्येष्ठ नागरिक वार्डको व्यवस्था गर्न, खानेपानी, टेलिफोन, घरजग्गा लगायतमा पनि ज्येष्ठ नागरिकलाई विशेष छुटको माग गरिएको थियो ।

विभागले 'सार्वजनिक सवारीसाधनमा ज्येष्ठ नागरिकलाई छुट र सुविधा दिने सम्बन्धी कार्यविधि, २०७०' लागू गरेको थियो । सो कार्यविधिमा छुट र आरक्षण सिटका बारेमा उल्लेख छ । त्यस्तै ज्येष्ठ नागरिकसम्बन्धी ऐन, २०६३ को दफा ९(२) ले सार्वजनिक सवारीसाधनमा ज्येष्ठ नागरिकलाई कम्तीमा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको छ । सर्वोच्च अदालतले २०६७ चैतमा 'ज्येष्ठ नागरिक ऐन, २०६३ को ९(२) को व्यवस्थालाई यथाशीघ्र कार्यान्वयन गर्न आवश्यक नीति, नियम र अनुगमन संयन्त्र बनाई लागू गर्नु' भनी परमादेश गरेको थियो ।

# सीसी क्यामेराले ८,९३९ चालक कारवाहीमा

**झापा, भदौ २।** ट्राफिक प्रहरीले सीसी क्यामेराको सहयोगमा ट्राफिक नियम उल्लघंन गर्ने आठ हजार नौ सय ३९ सवारीसाधनका चालकलाई नियन्त्रणमा लिई कारवाही गरेको छ ।

महानगरीय ट्राफिक प्रहरी महाशाखाले आर्थिक वर्ष २०७५/०७६ मा उपत्यकाका विभिन्न स्थानमा ट्राफिक नियम उल्लघंन गर्ने उक्त सवारीसाधनका चालकलाई सीसी क्यामेरा फुटेजको आधारमा सम्पर्कमा ल्याई कारवाही गरेको हो ।

महाशाखाले दिएको जानकारी अनुसार महानगरीय प्रहरी कार्यालय रानीपोखरीको कन्ट्रोल रुमबाट सडकमा खटिएको टोलीमार्फत पाँच हजार तीन सय १४, महानगरीय प्रहरी कार्यालय रानीपोखरीको सीसी क्यामेरा फुटेजको आधारमा एक हजार नौ सय ९७ र सर्भिलेन्स भेइकल र अन्य क्यामेरा मार्फत एक हजार ६९ चालकलाई कारवाही गरेको हो ।

महाशाखाका प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक वसन्त पन्त सीसी क्यामेराको प्रयोगमार्फत सवारी नियम उल्लघंन गर्ने थुप्रै चालकलाई नियन्त्रणमा लिएर कारवाही गरेको बताउँछन् । 'ट्राफिक प्रहरी देख्दा ट्राफिक नियम मान्ने, नदेख्दा ट्राफिक नियम उल्लघंन गर्ने प्रवृत्तिको अन्त्यका लागि सीसी क्यामेरा सहयोगी बनेको छ' -उनी भन्छन् ।

ट्राफिक नियम उल्लघंनका घटनासँगै महाशाखाले वि.सं. २०७४ माघ २५ देखि सीसी क्यामेराको प्रयोग मार्फत सवारीसाधनका चालकलाई कारवाही गर्दै आएको हो ।

महाशाखाले सीसी क्यामेराका अतिरिक्त ड्यासबोर्ड क्यामेरा, ग्रोप्रो क्यामेरा, बडिवन क्यामेरा मार्फत पनि कारवाही गर्दै आएको छ । उपत्यकामा १० लाख हाराहारीमा सवारीसाधन सञ्चालनमा रहेका छन् ।

# ब्युटीपार्लर जाँदा ध्यान दिऔं



आजकल पार्टीहरुमा जानुअघि महिलाहरु ब्युटी पार्लरमा श्रृंगार गर्न पुग्छन् । सुन्दर देखिने प्रयासमा उनीहरु नजानिकनै रोग पनि बोकेर आउने सम्भावना रहन्छ । पार्लरमा प्रयोग हुने सामग्री राम्रोसँग सफा नभएमा संक्रमण हुने सम्भावना रहन्छ । त्यसैले संक्रमणबाट बच्नका लागि यी कुराहरुमा ध्यान दिनुपर्छ । म्यानिक्योर पेडीक्योर वा थ्रेडिङ गर्ने उपकरण सफा हुनुपर्छ ।

पार्लरमा हेयरस्टाइल बनाउँदा वा हेयरकट गर्दा प्रयोग हुने काइँयो र कैंचीबाट पनि संक्रमण हुनसक्छ । त्यसैले पार्लर जानुअघि त्यहाँ सफाइको व्यवस्था छ कि छैन भनी सुनिश्चित गर्नुपर्छ । पार्लरमा रूमाल वा तौलियाको उपयोग हुन्छ । सबैको फोहोर त्यसमा टाँसिएको हुनसक्छ । त्यसैले त्यसको ठाउँमा टिस्यु पेपर प्रयोग गर्नुहोस् । टिस्यु पेपर छैन भने पार्लरवालीलाई नयाँ रूमाल दिन भन्नुहोस् । पार्लरमा दिनभरिमा धेरै मानिस आउँछन् । त्यसैले हतारमा पार्लर सञ्चालकले हात धुन बिर्सन सक्छिन् । तपाईं आफैंले उनलाई सम्झाएर स्वास्थ्य राम्रो बनाउनुहोस् । *एजेन्सी*

# जुत्ता, मोजा तथा खाजा पाउँदा विद्यार्थी दंग



**बिर्तामोड, भदौ २।** झापाको बिर्तामोड-४ स्थित अनारमनी आधारभूत विद्यालयमा अध्यनरत् विद्यार्थीहरुलाई जुत्ता, मोजा तथा खाजा वितरण गरिएको छ ।

बिर्तामोड राउण्ड टेवल नामक सामाजिक संस्थाले विद्यालयमा अध्यनरत् एक सय ९१ जना विद्यार्थीलाई जुत्ता, मोजा तथा खाजा वितरण गरेको हो । विद्यालयका प्रधानध्यापक टंक कटुवालको अध्यक्षतामा भएको कार्यक्रममा संस्थाका सदस्य मनिष साहेवाला, अमित वंशल, रोशन प्रसाई लगायतले उक्त सामग्री वितरण गरेका थिए ।

कार्यक्रममा विद्यालयका प्रधानाध्यापक कटुवालले विद्यालयको शैक्षिक विकासमा दाताहरुको महत्वपूर्ण भूमिका रहेको बताउँदै आगामी दिनमा पनि सहयोग निरन्तर पाइरहने विश्वास व्यक्त गरे । कार्यक्रमको सञ्चालन संस्थाका सदस्य मिराज पोखेलले गरेका थिए ।

# उदयपुरमा डेंगु

**उदयपुर, भदौ २।** उदयपुर जिल्लाको तराई क्षेत्रका भू-भागमा केही दिनदेखि डेंगु फैलन थालेको छ ।

जिल्लाको पूर्वी क्षेत्रको बेलका चौदण्डीगढी, त्रियुगा नगरपालिकासहित जिल्लाको पश्चिमी क्षेत्रको कटारी क्षेत्रमा समेत डेंगु फैलन थालेको बताइएको छ । जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार अहिले सबैभन्दा बढी डेंगु कटारी क्षेत्रमा फैलन थालेको र त्यसपछि क्रमशः त्रियुगा नगरपालिकाको गाईघाट र चौदण्डीको बेल्टार बसाहा तथा बेलकाको रामपुर ठोक्सिला क्षेत्रमा फैलन थालेको हो ।

डेढ महिना अघि कटारीमा दुईजना र चौदण्डीको बेल्टारस्थित बिपी चोकमा एकजनामा देखापरेको डेंगु विस्तारै फैलँदै जान थालेपछि अहिले कटारी, त्रियुगा, चौदण्डी र बेलका क्षेत्रमा गरेर झण्डै डेढ दर्जनमा डेंगु रोग फेला परेको जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका प्रमुख रमेश खकुरेलले बताए ।

पोथी लामखुट्टेको टोकाइबाट सर्ने यो रोग लाग्न थालेपछि बिरामीमा ज्वरो आउने, शरीरमा दादुरा जस्ता स-साना फोका देखा पर्ने, लिभर फुलिने, पेटमा पानी जम्ने, गिजाबाट रगत आउने र शरीर दुख्ने जस्ता लक्षण देखा पर्ने गरेको जिल्ला स्वास्थ्य कार्यालय उदयपुरले बताएको छ ।

यसरी डेंगुबाट बिरामी परेकामध्ये केहीलाई जिल्लामा नै उपचार भइरहेको र केही बिरामी जिल्ला बाहिर सुनसरीको धरान तथा १ नम्बर प्रदेशको विराटनगरका अस्पतालमा उपचार भइरहेको समेत स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ ।

डेंगु फैलन थालेपछि यसको जानकारी प्रदेश सरकार र प्रदेश स्वास्थ्य मन्त्रालयमा जानकारी गराइएको र यसको नियन्त्रणको विषयमा समेत छलफल शुरु गरिएको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ ।

# बुवाको स्मृतिमा अक्षयकोषमा सहयोग

**झापा, भदौ २।** वैदेशिक रोजगारीको क्रममा अफ्रिकी मुलुक नाइजेरियामा रहेका झापा जिल्ला, बुद्धशान्ति-५ बुधबारेका बिनुप्रसाद तिवारीले झापाली समाज युएईले स्थापना गर्न लागेको असहाय बालबालिकाहरुको लागि अक्षयकोषमा आर्थिक सहयोग घोषणा गरेका छन् ।

झापाली समाज युएईले झापा जिल्लामा रहेका असहाय बालबालिकाहरुको शिक्षामा सहयोग गर्ने उद्द्श्यले १० लाखको अक्षयकोष स्थापनाको तयारी गरिरहेका बेला तिवारीले ३० वर्ष अगाडि निधन भएका आफ्ना बुवा दधिराम तिवारीको नाममा १० हजार रुपैयाँ अक्षयकोषमा जम्मा गर्ने घोषणा गरेका हुन् ।

माता खगामाया तिवारी र पिता दधिराम तिवारीका दुई सन्तान (छोराछोरी) मध्ये छोरा बिनुप्रसाद तिवारी विगत आठ बर्षदेखि नाइजेरियामा कार्यरत् छन् । झापाली समाज युएई अन्तर्गत अक्षयकोष संकलन समितिका सदस्य इवनारायण तिवारीका अनुसार सामाजिक सेवाको क्षेत्रमा विगतदेखि नै सहयोग गर्ने बिनुले उदाहरणीय काम गरेको प्रतिक्रिया दिएका छन् ।

समाजको यसै अभियानमा झापा बुद्धशान्ति गाउँपालिका-३ का टीका कट्टेलले आफ्नो जन्मदिनको अवसर पारेर आफ्ना बुवा शिवभक्त र आमा विष्नुमाया र आफ्नै नाममा २० हजार रुपैयाँ अक्षयकोषमा आर्थिक सहयोग गरेका थिए ।

त्यस्तै आफ्नो जन्मदिनको अवसरमा झापाली समाज युएई सारजा क्षेत्रीय समिति सदस्य प्रेमा सुब्बाले पाँच हजार रुपैयाँ अक्षयकोषमा सहयोग गरेकी थिइन् । त्यसैगरी झापाली समाज युएईका संस्थापक उपाध्यक्ष राजेन्द्रकुमार दाहाल र श्रीमती तिलरुपा दाहालले पनि आफ्नी छोरीको जन्मदिनको अवसरमा आर्थिक सहयोग गरेका थिए ।

अक्षयकोषका लागि सात लाख ५० हजार जम्मा भए पनि थप दुई लाख ५० हजार रुपैयाँ आवश्यक परेको कारण यथाशक्य सहयोग गर्न समाजले आफ्ना आजीवन सदस्य, शुभेच्छुक तथा दाताहरुलाई अनुरोध गरेको झापाली समाज युएईका प्रवक्ता रामप्रसाद ढुंगेलले जानकारी दिए ।


## ज्योतिष परामर्श

विगत १० बर्षदेखि ज्योतिष क्षेत्रमा लाग्नुभएका, देशदेखि बिदेशीहरुको चिना हेरी विशेष अनुभव प्राप्त गुरुहरु ज्योतिषी कृष्ण भण्डारी र खगेन्द्र सापकोटा अब तपाईको शहर बिर्तामोड, दमक र इटहरीमा आउँदै हुनुहुन्छ ।

**यही भाद्र ३,४ र ५ गते ।**

**आज नै बुक गर्नको लागि सम्पर्क गर्नुहोस् ।**

9801235000, 9841193108, 9813524729, 9814977595

## राहदानी हरायो

ताप्लेजुङ्गबाट फिदिम जानेक्रममा यही मिति २०७६।०३।२४ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।


**नाम**:- नरेन्द्र तामाङ
**ठेगाना**:- डुर्मेसी-१, ताप्लेजुङ्ग
**हाल** : यङवरक-४, ताप्लेजुङ्ग
**राहदानी नं.**:- ०९०५५२७७

## राहदानी हरायो

महमाईबाट दानाबारी जाने क्रममा यही मिति २०७६।०३।२१ गते मेरो निम्न व्यहोराको राहदानी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा बुझाई दिनुहुन अनुरोध छ ।

**नाम**:- देऊकुमार महते
**ठेगाना**:- महमाई गाविस वडा नं. १
**हाल** : माई नगरपालिका-६
**राहदानी नं.**:- ०६९३०२४३

## जन्मदिनको शुभकामना



आज भदौ २ गते हाम्रा सहकर्मी मित्र प्रदिप भुजेलको जन्मदिन परेको हुँदा उनीलाई जन्मदिनको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

साथीहरु

प्रशान्त लिम्बू, विनायक भट्टराई, सन्दीप लिम्बू, विनोद खड्का, भूपाल मण्डल, कुशल खनाल, प्रजित तामाङ, कुमार श्रेष्ठ, सानु चौधरी

## सेफ्टी ट्याङ्की सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।




## रेडिमेड झ्याल, ढोका र स्टील रेलिङ्ग पाउने ठाउँ

बाथरुमका ग्यारेन्टेड ढोका, भित्री 25 mm, 32mmका पेन्टेड, डिजिटल ढोकाहरु, खिया नलाग्ने भित्रि सिंढी र बरन्डाको स्टील रेलिङ, आल्मुनियमका झ्याल, Office Partision, फल्स सिलिङ्ग बनाउनु परेमा सँधै सम्पर्क गर्नुहोला ।

**गणपति स्टील एण्ड आल्मुनियम हाउस**

सुरुङ्गा, बिर्तामोड (भगवान चौक) र गरामनी

मो. ९८१६००६३७३, ९८१४०५२६०१



## तपाईंहरूको आफ्नै पत्रिका

मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल दैनिक

**प्रेस काउन्सिल नेपालद्वारा 'क' श्रेणीमा वर्गीकृत बिर्तामोडबाट विगत २०५२ सालदेखि निरन्तर प्रकाशन हुँदै आएको यस दैनिकमा राहदानी हराएको सूचना, जन्मदिनको शुभकामना, श्रद्धाञ्जली/समवेदना, सरकारी सूचना लगायत विज्ञापनहरु प्रकाशन गर्न तथा ग्राहक बन्न एवम् कुनै गुनासो या सल्लाह,सुझाव भए सदैव हामीलाई सम्झनुहोला ।**

केन्द्रीय कार्यालय बिर्तामोड-१, अतिथिसदन छेउ (समाचार शाखा: ०२३-५४१००२/ विज्ञापन तथा प्रशासन : ०२३-५४००४४) व्यवस्थापक: ९८४४६४२०९५/कार्यकारी व्यवस्थापक : (९८४२६३४७४०/९८१६९८१०१७), शनिश्चरे-अर्जुनधारा, खुदुनाबारी (अमित खम्बू : ९८४४६६५७८४/ ९८०६०९५८४४), पर्वेज आलम (९८१७०३५४४२/९८६२६४२६५०), मेघबहादुर राई ९८१५९९००३३, काँकरभिट्टा/बाहुनडाँगी/पानीटंकी: राजकुमार शर्मा (९८६३७०५८५५/९८०७९१३०२३), धुलाबारी: सुमन बस्नेत ९८१५०६३६३८/९८४४६११४६७, लक्ष्मीपुर/दुर्गापुर: पूर्णबहादुर कटुवाल (९८५२६७९६२२), चारपाने : बिनोद पाण्डे (९८५२६५५२९१), घैलाडुब्बा-डाँगीबारी : तुलसीप्रसाद निरौला (९८१६०४१६४६), सुरुङ्गा: तीर्थराज खरेल (९८४२६७१५८४), ऋषि लामिछाने (९८०६०२५०२४), माईधार : विश्वदीप पुस्तक पसल (०२३-४१००३१, ९८१७९२१६८०), दुधे : शान्तिराम बस्नेत (९८४२६५७२८३, ९८१७०६८९३७), झिलझिले/पाँचगाछी : नारायण शिवाकोटी (९८१७०००२५४), धरमपुर : हरि ढकाल (९८४२६२२८९६), केरखा : उमानाथ भण्डारी (९८५२६७०६३१), दमक: डीवी बस्नेत (९८१६०८८९५९), माधव ढकाल (९८५२६७५६२२), उर्लाबारी: आशिष भुजेल ९८२९३२३५४७, पाडाजुगी/मंगलबारे/गेउरीया : गोकुल दाहाल (९८२५७५३४६१), गौरादह: विवेक घिमिरे (डण्डी) (९८५२६७६३०८), केरखा: उमानाथ भण्डारी (९८५२६७०६३१), खोटाङ: दिलीप खत्री (९७४३००१४७७) उदयपुर: गणेश उप्रेती (९८४२८३७९१३),भद्रपुर-चन्द्रगढी-पृथ्वीनगर: पार्थ मण्डल (९८४२६२६३०९), बुधबारे : रामचन्द्र भट्टराई (९८४४६०९३७७), टंक विकल्प (९८४२६५५८०७), होक्से : नारायण अर्याल (९८०६०६२४०३/९८४२६९७३१०), दानावारी इलाम : सुष्मा राई (९८१४०२६२०२), इलाम/ भालुझोडा, कुटिडाँडा, कोल्बुङ : गणेश अर्याल (९८५२६८०३४४/९७५२६०५३४४), हर्कटे, कन्याम: खगेन्द्र शिवाकोटी (९८४२६२४३१९) इलाम/छिपिटार, फिक्कल : मनकामना पुस्तक पसल - यादव घिमिरे (मो. ९८०७९६७९९९), इलाम : जौबारी, गोदक : रोम अधिकारी (९८४२७२२७६२), इलाम/गोदक धर्ममणि गौतम - ९८४२७४४७५६, इलाम नगरपालिका: विष्णु भट्टाराई/सञ्जिवनी आयुर्वेद औषधि पसल (०२७-५२१४९०/९८६२६३७७६२), पुवाखोला नुतन दुलाल ९८१५९०२३७६/९८४२६२७५६०, बर्ने/सुनमाई/शान्तिनगर : दिपेन विक ९८१६९४५९९२/९८६२६१६६४६, पथरी : नीलम थापा (कामना पुस्तक पसल) (०२१-६९११८८/९८४२०४३७६५), मोरङ बेलबारी किशोर भण्डारी (९८६२०६२०६२/९८५११६५५५६), इटहरी : तेज वन विश्वासी ९८०४०२५७४३, धरान : शैलेन्द्र दाहाल (धरान न्यूज सेन्टर) ०२५-५२८६८६/९८४२०६०९४८ , ताप्लेजुङ: बसन्त लिम्बू (९८४४६३२२३५), दुर्गाप्रसाद पौडेल (९८४२६५२७१३) भारत शिलगढी, दार्जीलिङ: मानिक कुन्डु (+९१९८००३८००८६), राँके : दुर्गाप्रसाद चौलागाई (९८०८७०७००७), घुर्विसे पञ्चमी: युद्धबहादुर बोहोरा (९८१३७५७२०६), विराटनगर: चन्दन राय (९८१२३२६९२८)

# स्थानीय शिक्षा ऐन संशोधन गर्नुपर्ने सरोकारवालाहरूको माग



**गौरीगञ्ज, भदौ २।** गौरीगञ्ज गाउँपालिकाको स्थानीय सरकारले स्थानीय शिक्षा ऐन सरोकारवालाहरूसंग समन्वय नगरी जारी गरेको भन्दै शिक्षासंग आबद्व संगठनहरूले गुनासो गरेका छन् ।

सम्वाद समूह सचिवालय बिर्तामोडले सोमवार संयोजन गरेको छलफल कार्यक्रममा उनीहरुले संघीय शिक्षा ऐनसँग बाझिने गरी जारी भएको स्थानीय शिक्षा ऐन संशोधन गर्न माग गरेका छन् । स्थानीय सरकार गौरीगञ्जले २०७५ साल फागुन महिनामा जारी गरेको स्थानीय शिक्षा ऐनमा शिक्षक नियुक्ति, सरूवा, प्रधानाध्यापक नियुक्तिका विषयमा संघीय शिक्षा ऐनलाई मिचेर स्थानीय सरकारको अधिकार खोसेकोमा उनीहरूले आपत्ति प्रकट गरेका छन् । शिक्षकहरूले संघीय शिक्षा ऐन र प्रादेशिक ऐन बनेपछि मात्र स्थानीय ऐन बनाउनुपर्ने बताएका छन् । नेपाल शिक्षक परिषद्का उपाध्यक्ष कुमार भण्डारीले स्थानीय शिक्षा ऐन संघीय ऐनको विरूद्धमा जारी भएको भन्दै स्थानीय ऐन कुनै हालतमा मान्य नहुने बताए । उनले व्यक्ति अनुकूलको शिक्षक नियुक्ति र विद्यालय व्यवस्थापन समिति गठन गर्न सहज हुने भएकोले शिक्षा क्षेत्रलाई मनोमानी ढंगले चलाउन नहुने बताए ।

नेपाल शिक्षक संघ गौरीगञ्ज अध्यक्ष गोपालप्रसाद ताजपुरियाले स्थानीय ऐन बनाउँदा विद्यालयमा विद्यार्थीको पहुँच, बिद्यार्थी टिकाउने अवधारणा र शैक्षिक गुणस्तर कायम राख्ने विषयमा केन्द्रित हुनुपर्नेमा स्थानीय शिक्षा ऐन २०७५ जारी गर्ने प्रक्रिया नै गलत भएको धारणा राखेका थिए । नेपाल राष्ट्रिय शिक्षक संगठन गौरीगञ्जका अध्यक्ष भीमबहादुर कार्कीले शिक्षा क्षेत्रका समस्याहरू समाधान गर्न सरोकारवालाहरूसँग राय सल्लाह, सुझाव लिन आवश्यक रहेको बताउँदै संघीय शिक्षा ऐनको आधारमा स्थानीय शिक्षा ऐन जारी गर्नुपर्ने धारणा राखेका थिए । नेपाल शिक्षक महासंघ गौरीगञ्जका अध्यक्ष हरिलाल यादवले गत फागुन महिनामा जारी भएको स्थानीय शिक्षा ऐन सच्याउन ज्ञापनपत्र बुझाएको जानकारी गराउँदै गौरीगञ्ज गाउँपालिकाले शिक्षा क्षेत्रमा बिनियोजन गरेको बजेट कम भएको बताए ।

शिक्षक बालकृष्ण भण्डारीले बिद्यालयमा बाल शिक्षा, शिक्षक र कर्मचारीको पारिश्रमिक न्यून भएकाले स्थानीय सरकारले पारिश्रमिक थपको व्यवस्था गर्नुपर्ने बताउँदै विद्यार्थीहरूलाई दिइँदै आएको दिवा खाजा कार्यक्रमलाई निरन्तरता दिनुपर्ने धारणा राखेका थिए । प्याव्सन गौरीगञ्जका अध्यक्ष कमलप्रसाद राजवंशीले गाउँपालिकाको शिक्षा समितिमा प्याब्सनको प्रतिनिधिलाई पनि समावेश गराइनुपर्ने धारणा राख्दै संस्थागत विद्यालयहरूबाट कक्षा थपको दस्तुर बढी लिएकोमा आपत्ति प्रकट गरे ।

## श्रीमान्को हत्याराबाट पैसा असुल्ने पक्राउ

**झापा, भदौ २।** श्रीमान्को हत्याको घटना लुकाउन हत्यारासँग पैसा लिएको अभियोगमा प्रहरीले एक महिलालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा भोजपुर नगरपालिका-४ सिद्धेश्वर दावाकी मीना मिजार सार्की रहेकी छिन् ।

घटनामा संलग्न रहेको आरोपमा अन्य पाँच जनालाई समेत प्रहरीले नियन्त्रणमा लिएको छ । वि.सं. २०७४ माघ २७ गते स्थानीय पूर्णबहादुर सुयललाई छिमेकी मोहनबहादुर रम्तेलले चम्पिरा खोलाको भिरबाट धकेलेर हत्या गरेको आरोप छ । घटनापछि छिमेकी हरिबहादुर लम्सालले घटना लुकाउन अभियुक्तसँग रु. तीन लाख मागेको बयानमा उल्लेख छ । केही समयपश्चात् मृतक पूर्णबहादुरकी श्रीमती मीनाले मुख्य अभियुक्त रम्तेलसँग पैसा मागेको खुल्न आएपछि उनलाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक नरबहादुर सलामी मगरले जानकारी दिए ।

स्थानीय मनकुमार मिजार, सन्तोष मिजार र विष्णु बयलकोटीले मीनालाई हत्याराबाट पैसा दिलाउन सहयोग गरेको आरोप लागेको छ । रम्तेलसँग मीनाले रु. दुई लाख लिएको प्रहरी अनुसन्धानबाट खुलेको छ । आफ्नै पतिको हत्याराबाट लिएको सो रकम सदरमुकामस्थित एक सहकारी संस्थामा रु. एक लाख ७० हजार र रु. ३० हजार आफ्नी सासूलाई भैंसी किन्न दिएको बयानका क्रममा खुलेको प्रहरीले जनाएको छ ।

## लागूऔषधसहित पक्राउ

**सुनसरी, भदौ २।** सुनसरीको धरान उप-महानगरपालिका-८ तीनकुनेबाट कारमा लुकाएर लैजादै गरेको लागूऔषधसहित दुई जना पक्राउ परेका छन् ।

अस्थायी प्रहरी पोष्ट तीनकुनेबाट चेकिङमा गएको प्रहरीको टोलीले इटहरीबाट धरानतर्फ जाँदै गरेको को.२ च. १०२१ नम्बरको कारलाई चेकजाँच गर्ने क्रममा धरान-१५ का ३९ वर्षीय रुभिन श्रेष्ठ र उक्त कारमा सवार धरान-२ का ५६ वर्षीय बनबरीलाल शर्माले लुकाइ-छिपाई ल्याउँदै गरेको अवैध लागूऔषध लाईलेक्स-२८ बोतल फेला पारेको थियो ।

पक्राउ परेका दुबैजना र कारलाई इलाका प्रहरी कार्यालय धरानमा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## विराज पेन्ट्सको अन्तरक्रिया




**बिर्तामोड, भदौ २।** बिर्तामोडमा आयोजित कार्यक्रमका सहभागीले घरको प्राकृतिक र कलात्मक सजावटका लागि बिराज पेन्ट्स उपयोगी भएको बताएका छन् ।

बिराज पेन्ट्स प्रालि भरतपुर चितवनले बिर्तामोडमा आयोजना गरेको बिक्रेता तथा पेन्टरहरुसँगको अन्तरक्रिया कार्यक्रममा उनीहरुले यस्तो बताएका हुन् । बिराज पेन्ट्स प्रालिका सञ्चालक राजु ढुङ्गानाको अध्यक्षतामा भएको कार्यक्रममा बिराज पेन्ट्स प्रालिले उत्पादन गर्दै आएका रंगहरुको बारेमा जानकारी दिइएको थियो ।

कार्यक्रममा बिराज पेन्ट्स प्रालिका सञ्चालक दिपक ढुङ्गानाले बिराज पेन्ट्स प्रालिले बिराज सिमेन्ट प्राइमर, शिखर सिमेन्ट प्राइमर, बिराज डिस्टेम्पर, फेवा डिस्टेम्पर, बिराज गोल्ड कलर, ओईदर वारीअर, वालमाईन इनामेलहरु उड प्राइमर, मेटल प्राइमर लगायतका रंगहरु उत्पादन गर्दै आइरहेको बताए ।

उनले सजावटकर्ताका लागि कालो, सेतो र खैरो जस्ता तटस्थ रंगहरु सजावटको आधारभूत उपकरणहरु भएको बताउँदै यी रंगहरुमा लचिलोपनको गुण भएकाले प्राकृतिक सुन्दरताका लागि यस्ता रंगहरुको प्रयोग गर्न आग्रह गरे ।

त्यस्तै बिराज पेन्ट्स प्रालिका सञ्चालक राजु ढुङ्गानाले विराज पेन्ट्स प्राविधिक टीमको आधारमा साउथ एशियाको दशौं स्थानमा रहेको बताए । उनले पर्वहरुलाई ध्यानमा राखेर उपहार योजना ल्याएको बताउँदै पेन्टरहरुले १० हजार प्वाइन्ट पूरा गरेपछि एक लाख रुपैयाँको बिमा गरिने बताए ।

कार्यक्रममा गायक जीवी सुनुवार र गायिका सृजना पुन मगरले गीत प्रस्तुत गरेका थिए । बिराज पेन्ट्सको मेचीको लागि आधिकारिक बिक्रेता नेरोल्याक ट्रेडर्स का सञ्चालक मिलन शिवाकोटीले स्वागत गरेको कार्यक्रममा बिराज पेन्ट्सका सञ्चालकहरु जयराम ढुङ्गाना, दीपक ढुङ्गाना, जगनाथ भट्ट, विक्रेताहरु गोपाल सापकोटा, टोपेन्द्र राजवंशी, पेन्टर बालकृष्ण खतिवडा लगायतले रंगका उपयोगिताबारे बोलेका थिए ।

कार्यक्रमको सञ्चालन गायक जीवी सुनुवारले गरेका थिए ।

## शिल्पालाई पक्राउ नगर्न सर्वोच्चको आदेश



निर्माता छविराज ओझाकी श्रीमती तथा अभिनेत्री शिल्पा पोखरेललाई तत्काल पक्राउ नगर्न सर्वोच्च अदालतले आदेश दिएको छ । काठमाडौं जिल्ला अदालतले पक्राउ गरी कारवाही अगाडि बढाउन दिएको आदेशविरूद्ध शिल्पा उच्च अदालत पुगेकी थिइन् । तर, उच्च अदालतले जिल्ला अदालतको आदेशलाई सदर गरेपछि उनी सर्वोच्च पुगेकी हुन् ।

आइतबार प्रधानन्यायधीश चोलेन्द्र शम्शेरको इजलासले उनलाई तत्काल पक्राउ नगर्न अल्पकालीन आदेश दिएको हो । निर्माता ओझाकी जेठी श्रीमती हेमा ओझाले साउन पहिलो हप्ता महानगरीय प्रहरी वृत्त गौशालामा छवि र शिल्पाविरूद्ध बहुविवाहको उजुरी हालेकी थिइन् । दुई जनालाई तत्काल पक्राउ गरी कारवाही गर्न उनको माग थियो ।

हेमाले बहुविवाहको उजुरी हालेपछि काठमाडौं जिल्ला अदालतले शिल्पा र छविलाई पक्राउ गर्न आदेश दिएको थियो । त्यसपछि फरार भएकी अभिनेत्री पोखरेलले आफूलाई पक्राउ नगर्न माग गर्दै 'निषेधाज्ञा आदेश पाऊँ' भन्दै साउन १६ गते अभिवक्ता रमेश गुरागाँई मार्फत् उच्च अदालत पाटनमा निवेदन दिएकी थिइन् । तर, उच्च अदालतले जिल्ला अदालतकै आदेशलाई सदर गर्‍यो ।

उच्च अदालत पाटनले निषेधाज्ञा दिन अस्वीकार गरेपछि शिल्पाले २९ साउनमा सर्वोच्च अदालतमा रिट दायर गरेकी थिइन् । सर्वोच्चले तत्काल पक्राउ नगर्न आदेश दिए पनि यस सम्बन्धमा थप छलफल गर्न दुबै पक्ष (छविराज ओझा र शिल्पा पोखरेल)लाई भदौ १५ गते उपस्थित हुन् भनिएको बताइएको छ । छवि र शिल्पाले २०७३ असार २९ गते विवाह गरेका थिए ।

### मतदानस्थलमै ...

तह र राजनीतिक दलको सहभागितामा वृद्धि, सबै तहको निर्वाचन सञ्चालन दिग्दर्शन तयार, मतदानस्थलमै मतगणना गर्ने कार्यको थालनी, मतदान केन्द्रमा आवश्यक पर्ने सामान र जनशक्तिको प्रयोगमा स्थानीय स्रोतसाधनलाई प्राथमिकता दिने कार्यमा रणनीतिक योजनाबाट महत्वपूर्ण उपलब्धि हासिल हुने विश्वास गरिएको छ ।

**राजनीतिक दललाई अनुदान**

रणनीतिक योजना कार्यान्वयनमा आएको खण्डमा राजनीतिक दलको आयव्यय एवम् निर्वाचन खर्च पारदर्शी र निर्वाचन मितव्ययी हुने र निर्वाचन खर्चबापत राजनीतिक दललाई राज्यका तर्फबाट अनुदान उपलब्ध गराउने व्यवस्था प्रारम्भ हुने आयोगले विश्वास लिएको छ ।

यसबाट विभिन्न मुलुकका निर्वाचन व्यवस्थापन निकाय, निर्वाचन सम्बन्धी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्था, विकास साझेदार संस्थासँगको सहयोग एवम् साझेदारीमा विस्तार हुने अपेक्षा गरिएको छ । वि.सं २०७४ मा भएका तीनै तहका निर्वाचनपछि आयोगले सातै प्रदेशमा गरेको कार्यक्रममा प्राप्त सुझावका आधारमा रणनीतिक योजनाको मस्यौदा तयार गरिएको प्रवक्ता खरेलले जानकारी दिए ।

आयोगले प्रस्तावित रणनीतिक योजनामा सम्बद्ध सबै सरोकारवाला पक्षबाट राय, सुझाव र प्रतिक्रियाका लागि पुन:आग्रह गरेको छ ।

## सुरुङ्गा क्याम्पसमा अंग्रेजी माध्यम

**सुरुङ्गा, भदौ २।** कनकाई बहुमुखी क्याम्पस सुरुङ्गामा यस शैक्षिक सत्रदेखि पूर्ण अंग्रेजी माध्यममा स्नातक तहका कक्षाहरु सञ्चालन गरिने भएको छ ।

आइतबार क्याम्पसमा आयोजित बिद्यार्थी भर्ना सम्बन्धी अन्तरक्रिया तथा पत्रकार भेटघाट कार्यक्रममा सो सम्बन्धी जानकारी दिइएको हो । क्याम्पसमा स्नातक तहका मानविकी, शिक्षा तथा व्यवस्थापन संकायमा नेपाली माध्यमका अलावा अंग्रेजी माध्यममा पनि पठनपाठन गरिने भएको हो । सो कार्यक्रममा सञ्चालक समिति, लेखा समिति, क्याम्पस प्रशासन, प्राध्यापक, विद्यार्थीको सहभागिता रहेको थियो ।

सामुदायिक क्याम्पसको रुपमा २०४७ सालमा स्थापित उक्त क्याम्पसले हाल यातायातको समेत सुविधा थप गरेको छ भने भर्ना अभियानलाई सफल बनाउन सुरुङ्गाका सबै संघ-संस्थालाई ५/५ जना, क्याम्पस सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरुलाई २/२ जना, प्राध्यापक तथा कर्मचारीलाई १/१ जना, क्याम्पस सभाका सदस्यहरुलाई २/२ जना, एक जनप्रतिनिधि १ जना, एक विद्यार्थी संगठन पाँच नयाँ बिद्यार्थीको दरमा नयाँ विद्यार्थीको खोजीमा लाग्न सबैलाई आग्रह गर्ने निर्णय गरिएको क्याम्पसले जनाएको छ । भर्ना सहजीकरणका लागि बनाइएको यो योजना कार्यान्वयनमा आउने हो भने स्नातक प्रथम वर्षमा ६ सय भन्दाबढी भर्ना हुने देखिन्छ ।

पत्रकार भेटघाटमा क्याम्पस प्रमुख विकासप्रसाद उप्रेतीले सम्पूर्ण क्याम्पसको टिम 'हाम्रो क्याम्पस राम्रो कनकाई क्याम्पस' बनाउने अभियानमा अघि बढिसकेको बताए । सहायक क्याम्पस प्रमुख शेरबहादुर बानियाँले बिगतका कमी कमजोरीलाई सच्याउँदै अबका दिनमा क्याम्पसलाई समृद्धिको दिशातर्फ डोर्‍याउँदै नतिजा केन्द्रित नियमित पठनपाठन र गुणस्तरीय शिक्षामा जोड दिने बताए । उक्त कार्यक्रममा क्याम्पस सञ्चालक समितिका सदस्य खगेश्वर उप्रेती, लेखा समिति सदस्य सागर ढुंगाना, अंग्रेजी विभागाध्यक्ष हरिप्रसाद तिम्सिना, अखिल नेपाल राष्ट्रिय स्वतन्त्र बिद्यार्थी युनियन क्याम्पस कमिटीका उपाध्यक्ष रवीन्द्र गुप्ता लगायतले बोलेका थिए ।

### गैरनेपालीलाई ...

कार्यालयमा वडा सदस्य दाहाल र कार्यालय सचिव अरुणा भट्टराईले वडावासीलाई सेवा प्रदान गर्दै आइरहेको वडा सदस्य नुतन पौडेलले जानकारी दिए ।

उनका अनुसार वडा सदस्य दाहालले नागरिकता लगायतका अन्य सिफारिसको काममा सहयोग गरिरहेका छन् भने सचिव भट्टराईले अन्य सेवाहरू नियमित रूपमा दिँदै आइरहेकी छिन् । वडाध्यक्ष नहुँदा कार्यालयको कामकाज ठप्प नभएको उनले बताए ।

### १६ लाख ...

साथै साहलाई थप सोधपुछ एवम् अनुसन्धान गर्दा उनले गोयल कम्पनीमा बिगत ३ महिनादेखि पेमेन्ट रिसिभ गरी कम्पनीको खातामा रकम जम्मा गर्ने काम गर्दै आइरहेको र बेइमानीपूर्वक ठगी गर्ने नियतले उक्त रकम बैंकमा जम्मा नगरी कम्पनीको रकम आफैंले राख्न खोजेको खुल्न आएको सो परिसरले जनाएको छ । प्रहरीले साहको कोठाबाट उक्त नगद फेला पारी बरामद गरेको छ ।

### सहमतिपछि ...

संकायको विषयमा गतअसार १७ गते गरेको निर्णयलाई सच्याउँदै गाउँपालिकाभित्र कक्षा ११ र १२ पढाइ हुने विद्यालयमा पूर्ववत: पढाउने विषयमा सहमति भएको नेविसंघ कचनकवल सभापति सागर राजवंशीले जानकारी दिए ।

साथै गाउँपालिकाले चालू आर्थिक वर्ष २०७६/७७ को नीति तथा कार्यक्रममा कक्षा १२ सम्म सबै विद्यार्थी र छात्राहरूलाई क्याम्पस तहसम्म नि:शुल्क शिक्षाको व्यवस्था गरिएको कार्यक्रमलाई प्रभावकारी बनाउन संयुक्त विद्यार्थी सङ्गठन लागीपर्ने अनेरास्ववियु जिल्ला सचिव रोशन लामाले बताए ।

गाउँपालिकाको निर्णय अनुसार लक्ष्मी मावि बनियानीमा नेपाली माध्यममा व्यवस्थापन संकाय, पथरिया माविमा व्यवस्थापन संकाय अंग्रेजी माध्यममा र लक्ष्मीप्रसाद देवकोटा माविमा व्यवस्थापन संकाय अंग्रेजी माध्यममा मात्र पढाउनुपर्ने बाध्यकारी निर्णयको बिरुद्ध संयुक्त बिद्यार्थी सङ्गठन आन्दोलित बनेका थिए ।

गाउँपालिकामा रहेका तीनवटा मावि तहका सामुदायिक विद्यालयमा कक्षा ११ र १२मा करिब सात सय विद्यार्थी अध्ययनरत् रहेको जनाइएको छ ।

## विपद्मा महिलाको स्वास्थ्य उच्च जोखिम

**झापा, भदौ २।** विपद्का अवस्थामा महिला, बालबालिका, ज्येष्ठ नागरिकको स्वास्थ्य उच्च जोखिममा पर्ने हुँदा त्यस्तो अवस्थामा सरकारले ती वर्गलाई विशेष ध्यान दिनुपर्नेमा जोड दिइएको छ ।

वि.सं. २०७२ को विनाशकारी भूकम्प, हालैको तराई-मधेशको बाढी-ढुबान तथा पहाडी क्षेत्रमा गएका पहिराले घरबारविहीन भएका महिला, बालबालिका तथा ज्येष्ठ नागरिकको स्वास्थ्य जोखिममा परेको थियो ।

विपद्का समयमा जोखिममा परेका र पछाडि पारिएका समुदायलाई सम्बोधन गर्न छुट्टै नीति सरकारले अहिलेसम्म बनाएको छैन । एक अध्ययनका अनुसार नेपालमा हरेक वर्ष ती वर्गका दुई लाखभन्दा बढी जनसंख्या उच्च जोखिममा पर्दै आएको छ । विपद्का अवस्थामा महिलालाई प्रजनन स्वास्थ्य, सुरक्षित गर्भपतन, परिवारनियोजन सेवा, बालबालिकालाई आवास, पोषण तथा ज्येष्ठ नागरिकलाई स्वास्थ्य सेवा बढी आवश्यक हुन्छ ।

नेपाल परिवार नियोजन संघका वरिष्ठ कार्यक्रम अधिकृत शरद अर्यालका अनुसार वि.सं. २०७२ जेठ महिनामा सुरक्षित गर्भपतन गराउनेको संख्या धेरै थियो । साथै परिवार नियोजनको सेवा लिने संख्या पनि उल्लेखनीय थियो । उनले भने- 'विपद्का अवस्थामा प्रजनन् स्वास्थ्यका गतिविधिमा कमी हुँदैनन् । झन् बढी सेवाको आवश्यकता परिरहेको हुन्छ । विपद् आउँदैमा प्रजनन सेवा नलिने भन्ने कुरा आउँदैन । 'नेपाल परिवार नियोजन संघ र नेपाल रेडक्रस सोसाइटीद्वारा विश्व मानवता दिवसका अवसरमा आयोजित कार्यक्रममा सहभागीहरूले विपद्का समयमा जोखिममा परेका र पछाडि पारिएका समुदायलाई सम्बोधन गर्न सरकारले नयाँ नीति ल्याउन आवश्यक रहेकामा जोड दिए ।

मानवनिर्मित तथा प्राकृतिक विपद् पूर्वतयारीमा समुदायलाई उत्थानशील बनाउन, विपद्का अवस्थामा महिला, बालबालिका तथा ज्येष्ठ नागरिकका लागि छुट्टै स्वास्थ्य नीति ल्याई सम्बोधन गर्न समेत उनीहरूको भनाइ थियो । 'संयुक्त राष्ट्रसंघीय जनसंख्या कोषसँगको सहकार्यमा विपद्का समयमा पनि संघले महिलाको प्रजनन् स्वास्थ्य, र परिवारनियोजनका सेवा निरन्तर जारी राख्दै आएको छ' -संघका सञ्चार अधिकृत जमुना सिटौलाले भने ।

कार्यक्रममा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका विपद् व्यवस्थापन महाशाखा प्रमुख सहसचिव चूडामणि भण्डारीले सातवटै प्रदेशमा स्वास्थ्य आपत्कालीन सञ्चालन केन्द्र सञ्चालन गर्न लागिएको जानकारी दिए । प्रदेश नं. ३ र ५ मा भने उक्त केन्द्र कहाँ राख्ने विषयमा हालसम्म प्रदेश सरकारहरूले निर्णय गरेका छैनन् । केन्द्रले विपद्का समयमा स्वास्थ्य सेवाको प्रभावकारी कार्यान्वयनमा समन्वय गर्ने गर्दछ ।

उनले भने- 'विपद्का समयमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक बढी जोखिममा पर्दछन् । जोखिममा परेका र पछाडि पारिएका समुदायको स्वास्थ्यलाई सम्बोधन गर्ने नीति मन्त्रालयको छ ।' संघका वरिष्ठ कार्यक्रम संयोजक सुवास श्रेष्ठले विपद्का समयमा जोखिममा पर्ने महिलाको प्रजनन् स्वास्थ्यमा संघले आफ्नो सेवा प्रदान गरिरहेको जानकारी दिए । नेपाली सेनाका प्रमुख सेनानी सुरेश कायस्थले विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्दै प्रभावकारी बनाउने निर्देशन अनुसार विपद्का समय र पूर्व तयारीमा नेपाली सेनाले काम गर्दै आएको छ भने ।

प्रहरी उपरीक्षक विनोद घिमिरेले नेपाल प्रहरीले वरिष्ठ प्रहरीको नेतृत्वमा विपद् व्यवस्थापन महाशाखा मार्फत विपद् व्यवस्थापनको कार्य गर्दै आएको बताए । उनले भने- 'विपद्का समयमा सबैभन्दा पहिलो उपस्थिति प्रहरीको नै हुन्छ ।' यस वर्षको मानवता दिवसको नारा 'विपद्का अवस्थामा जोखिममा परेका र पछाडि पारिएका जनसंख्याको सम्बोधन' भन्ने रहेको छ । संयुक्त राष्ट्रसंघको अगुवाइमा सन् २००९ देखि यो दिवस आजकै दिन मनाइँदै आइएको छ ।


**डाक्टर आउने बारेको सूचना**

**डा. लवराज लोहनी**
वरिष्ठ बथरोग विशेषज्ञ
Rheumatologist (AIMS)
MD Intermale Medicine (NAMS)
NMC No. 11300
नेशनल बाथरोग सेन्टर रातोपुल काठमाडौंबाट
प्रत्येक महिनाको पहिलो शुक्रवार र शनिवार
**यसपटक भाद्र ६ र ७ गते**
सम्पर्क :
**नेशनल बाथरोग सेन्टर**
भद्रपुररोड, बिर्तामोड, झापा
फोन : ०२३-५४०५४५/५४१११७

**हामीलाई सम्झनुहोस्**

घर नक्सा लागत इस्टीमेट तथा प्रोजेक्ट प्लानिङको लागि सदैव हामीलाई सम्झनुहोस् ।
सम्पर्क : **आषुतोष इञ्जिनियरिङ कन्सल्टेन्सी**
अर्जुनधारा नगरपालिका-४, झापा
फोन नं. ०२३-५४०१४१, ९८५१०४९७४०, ९८१५०३९२८९

**कर्मचारी आवश्यकता**

लक्ष्मीपुरबाट दुर्गापुर, सिमसार, कालीमुडा हुँदै चम्पापुरसम्म पत्रिका वितरण गर्ने कर्मचारी चाहिएकोले इच्छुकले तु-सम्पर्क गर्नुहोला ।
तलब: ५०००+बोनस् ८०००सम्म कमाई गर्न सकिने,
साइकल भएको हुनुपर्नेछ ।
मो. ९८०१४०४०००, ९८१६६४१५७६

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा
(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ॥
पूर्वाञ्चलकै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।